नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सवारी तथा यातायात सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८२

वैशाख, २०८३
काठमाडौं, नेपाल

# सवारी तथा यातायात सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावनाः मुलुकको सङ्घीय संरचना अनुरुप सडक यातायात सेवालाई सहज, सुरक्षित, भरपर्दो र पहुँचयोग्य बनाई सर्वसाधारण जनतालाई सरल, सुलभ र गुणस्तरीय यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन सवारी तथा यातायात सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सवारी तथा यातायात व्यवस्था ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "एग्रिगेटर" भन्नाले यातायात सेवा सञ्चालनको क्रममा सेवाग्राहीलाई सेवा प्रदायकसँग विद्युतीय (डिजिटल) वा अन्य माध्यमबाट आवद्ध गर्ने मध्यस्थ (इन्टरमिडिएरी) सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले विभाग अन्तर्गतको कार्यालय सम्झनु पर्छ।

(ग) "चालक अनुमतिपत्र" भन्नाले दफा १६ बमोजिम जारी भएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(घ) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ङ) "ट्राफिक सङ्केत" भन्नाले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत, चिन्ह वा ईशारा सम्झनु पर्छ र सो शब्दले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारालाई समेत जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "नम्बर प्लेट" भन्नाले सवारी साधनको पहिचानको लागि त्यस्तो साधनको अगाडि तथा पछाडिको भागमा राखिने दफा ४ बमोजिमको नम्बर प्लेट सम्झनु पर्छ ।

(ज) "निजी सवारी" भन्नाले निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधन सम्झनु पर्छ।

(झ) "परिचालक" भन्नाले सार्वजनिक सवारीमा चालक र यात्रीलाई सहयोग गर्न सवारी धनीले नियुक्त गरेको वा खटाएको व्यक्ति सम्झनु पर्छ।

(ञ) "बाटो" भन्नाले सार्वजनिक सवारी चलाउन दफा २२ बमोजिम निर्धारित बाटो (रुट) सम्झनु पर्छ।

(ट) "बाटो इजाजतपत्र" भन्नाले दफा २३ बमोजिम जारी भएको बाटो इजाजतपत्र (रुट पर्मिट)सम्झनु पर्छ।

(ठ) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षा कर्मचारी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा यस ऐन बमोजिम सवारी धनीले गर्ने बीमा सम्झनु पर्छ र सो शब्दले बृहत् (कम्प्रिहेन्सिभ) बीमालाई समेत जनाउँछ।

(ड) "मध्यम दुरीको बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर भन्दा बढी दुईसय पचास किलोमिटर दुरीसम्मको बाटो सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(ण) "मालबाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(त) "मालसामान" भन्नाले मालबाहक सवारीमा ओसारपसार गरिने कुनै वस्तु, सामाग्री, पशुपन्छी वा अन्य मालवस्तु सम्झनु पर्छ।

(थ) "यातायात निरीक्षक" भन्नाले दफा ६१ बमोजिम नियुक्त यातायात निरीक्षक सम्झनु पर्छ ।

(द) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने गरी उपलब्ध गराएको सेवा सम्झनु पर्छ र सो शब्दले एग्रिगेटर मार्फत प्रदान गरिने त्यस्तो सेवालाई समेत जनाउँछ।

(ध) "यात्रीवाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्न सञ्चालन गरिने सार्वजनिक सवारीको साधन सम्झनु पर्छ।

(न) "राष्ट्रिय लोकमार्ग" भन्नाले सार्वजनिक सडक सम्बन्धी प्रचलित कानून बमोजिम राष्ट्रिय लोकमार्गको रुपमा वर्गीकरण गरिएको सडक सम्झनु पर्छ।

(प) "लामो दुरीको बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटरभन्दा बढी दुरीको बाटो सम्झनु पर्छ ।

(फ) "विभाग" भन्नाले दफा ६० बमोजिमको यातायात व्यवस्था विभाग सम्झनु पर्छ।

(ब) "व्यावसायिक सवारी चालक अनुमतिपत्र" भन्नाले सवारी चालकको रुपमा पेशा गर्न वा सार्वजनिक सवारी चलाउनको लागि प्रदान गरिने चालक अनुमतिपत्र सम्झनु पर्छ।

(भ) "सडक यातायात सम्बन्धी निकाय" भन्नाले सडक यातायात सञ्जालको सञ्चालन, व्यवस्थापन, सम्वर्द्धन, प्रवर्द्धन र सुरक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सम्वद्ध निकाय सम्झनु पर्छ।

(म) "सवारी दर्ता प्रमाणपत्र" भन्नाले दफा ९ बमोजिम दिइएको सवारी साधन दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(य) "सवारी धनी" भन्नाले सवारी दर्ता प्रमाणपत्रमा सवारी साधनको धनीको रुपमा उल्लिखित व्यक्ति, फर्म, कम्पनी, संस्था वा निकाय सम्झनु पर्छ।

(र) “सवारी साधन” भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने तीनसय पचास वाट (पिक पावर) भन्दा कम क्षमता भएको दुई पाङ्ग्रे विद्युतीय सवारी साधन बाहेकको अन्य सवारी साधन सम्झनु पर्छ।

(ल) “सार्वजनिक सवारी” भन्नाले निर्धारित भाडा लिई यात्री वा मालसामान ओसार पसार गर्ने सवारी साधन सम्झनु पर्छ।

(व) “सार्वजनिक स्थान” भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, पुल वा सर्वसाधारण जनता आवत जावत गर्ने र बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढ्ने, उत्रिने वा सवारी साधन अड्याउनको लागि निर्धारण गरिएको स्थानलाई समेत जनाउँछ।

(श) “सुरक्षा कर्मचारी” भन्नाले यात्री, मालसामान र सवारी साधनको सुरक्षाको लागि दफा ३६ बमोजिम सेवा प्रदायकले नियुक्त गरेको कर्मचारी सम्झनु पर्छ ।

(ष) “सेवा प्रदायक” भन्नाले यातायात सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति प्राप्त व्यक्ति,फर्म वा कम्पनी सम्झनु पर्छ र सो शब्दले एग्रिगेटरलाई समेत जनाउँछ।

(स) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद–२

## सवारी साधनको वर्गीकरण

३. सवारी साधनको वर्गीकरणः (१) विभागले सवारी साधनको वर्गीकरण देहायका आधारमा गर्न सक्नेछ :-

(क) सवारी साधनको आकार, बनौट, सीट सङ्ख्या, पाङ्ग्रा सङ्ख्या तथा वजनको आधारमा,

(ख) सवारी साधनको प्रयोजनको आधारमा,

(ग) सवारी साधनको स्तरको आधारमा,

(घ) सवारी साधन दर्ता तथा नम्बर प्लेटको आधारमा,

(ङ) सवारी साधनमा प्रयोग हुने इन्धन प्रणालीको आधारमा।

(२) उपदफा (१) बमोजिमको आधारमा वर्गीकरणमा नपरेका सवारी साधनको हकमा त्यस्तो सवारी साधनको उत्पादन, जडान (एसेम्बल) वा निर्माता कम्पनीको स्पेशिफिकेशनको आधारमा विभागले वर्गीकरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको आधारमा गरिएको सवारी साधनको वर्गीकरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

४. नम्बर प्लेट राख्नु पर्नेः सवारी साधनले त्यस्तो सवारी साधनको अगाडि तथा पछाडिको भागमा अनुसूची-२ बमोजिमको ढाँचामा नम्बर प्लेट राख्नु पर्नेछ।

५. सवारी साधनको पहिचानः (१) नेपालमा उत्पादन, जडान (एसेम्बल), पैठारी हुने र नेपालबाट निकासी हुने सवारी साधनको पहिचान खुलेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पहिचानको लागि देहायका विवरण त्यस्तो सवारी साधनमा उल्लेख भएको हुनु पर्नेछः-

(क) सवारी साधनको उत्पादन वर्ष,

(ख) सवारी साधनको मोडल,

(ग) सवारी साधनको च्यासिस नम्बर,

(घ) सवारी साधनको इन्जिन नम्बर,

(ङ) विद्युतीय सवारी साधनको हकमा मोटर नम्बर।

परिच्छेद–३

## अनुमति तथा दर्ता सम्बन्धी व्यबस्था

६. अनुमति लिनुपर्नेः (१) कुनै सवारी साधन नेपालमा उत्पादन, जडान (एसेम्बल), पैठारी वा नेपालबाट निकासी गर्नु अघि विभागबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले देहाय बमोजिमका कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ।

(क) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) उत्पादन, जडान (एसेम्बल), निकासी वा पैठारी सम्बन्धी कार्ययोजना,

(ग) पैठारी गरिने भएमा आधिकारिक बिक्रेताको लागि प्राप्त गरेको कागजात।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र सोसाथ संलग्न कागजात उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई अनुमति दिन उपयुक्त देखिएमा विभागले सवारी साधन नेपालमा उत्पादन, जडान (एसेम्बल) वा पैठारी गर्न र नेपालबाट सवारी साधन निकासी गर्नका लागि अनुमतिपत्र दिनेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र दिन नसकिने भएमा निवेदन परेको सात दिनभित्र सोको आधार र कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

७. प्रवेश दर्ता गराउनु पर्नेः (१) पैठारी गरी नेपालभित्र प्रवेश भएका सवारी साधन पैठारीकर्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सम्बन्धित भन्सार कार्यालयमा प्रवेश दर्ता गराई सोको विवरण विभागले सञ्चालन गरेको विद्युतीय प्रणालीमा समेत प्रविष्टि गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गर्ने निकायले प्रवेश दर्ता नम्बर सहित सवारी साधनको विवरण सवारी साधन दर्ता गर्न दफा ९ बमोजिमको निकायमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रवेश दर्ताको निस्सा प्राप्त गरेका सवारी साधन पैठारी गरिएको नाकाबाट पैठारीकर्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कारखाना, बिक्री केन्द्र वा दफा ९ बमोजिम दर्ता गरिने निकाय वा दफा ३१ बमोजिम सवारी साधन परीक्षण गर्ने निकायमा लैजान बाहेक अन्य स्थान लैजान वा प्रयोग गर्नु गराउनु हुँदैन।

८. प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादात्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) लिनु पर्नेः (१) नयाँ उत्पादन, जडान (एसेम्बल) तथा पैठारी गरिएको सवारी साधनको मोडेल दर्ता गर्नु अघि त्यस्तो सवारी साधन दफा ९५ र ९६ बमोजिमको मापदण्ड भित्र रहेको प्रमाणित गर्ने

प्रकार अनुमोदन (टाईप अप्रुभल) र उत्पादनको तादात्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) लिनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि,-

(१) "प्रकार अनुमोदन (टाईप अप्रुभल)" भन्नाले सवारी साधन वा त्यसको कुनै प्रणाली वा भागले त्यस्तो सवारी साधन उत्पादन वा एसेम्बल गर्ने मुलुकमा प्रचलित सुरक्षा, उत्सर्जन तथा उत्पादनसँग सम्बन्धित कानूनी तथा प्रशासनिक व्यवस्थाहरूको पालन गरेको सम्बन्धमा त्यस्तो मुलुकको सम्बन्धित निकायले गर्ने प्रमाणीकरण सम्झनु पर्छ।

(२) "उत्पादनको तादात्म्यता (कन्फर्मिटी अफ प्रोडक्सन)" भन्नाले उत्पादन, एसेम्बल वा पैठारी भएको सवारी साधन वा त्यसको कुनै प्रणाली वा भाग (कम्पोनेन्ट) त्यसको अनुमोदित प्रकार (अप्रुभ्ड टाईप) बमोजिम छ भनी विभागले सुनिश्चित गर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले उत्पादित सवारी साधनको अनुमोदित प्रकार अनुरुप सवारी साधन, त्यसको प्रणाली वा त्यसको भाग (कम्पोनेन्ट) लगातार उत्पादन गर्न सक्ने क्षमताको परीक्षणलाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र लिनको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र सोसाथ संलग्न कागजात उपर आवश्यक जाँचबुझ गर्दा यस ऐन बमोजिमको मापदण्ड भित्र रही सवारी साधनको उत्पादन वा जडान (एसेम्बल) गरेको देखिएमा विभागले प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादात्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) जारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादात्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) लिई उत्पादन, जडान (एसेम्वल) वा पैठारी भई आएका सवारी साधन निकासी वा दर्ता हुनु अघि विभागबाट सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र (रोड वर्दीनेश सर्टिफिकेट) लिनु पर्नेछ।

९. <u>सवारी साधन दर्ता</u>ः (१) नेपालमा उत्पादन, जडान (एसेम्बल) वा पैठारी भएका सवारी साधन सञ्चालन गर्नु अघि प्रदेश कानून बमोजिम दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधन दर्ता गराउन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो सवारी साधनको उत्पादन, जडान (एसेम्बल) वा पैठारी गरी ल्याएको मितिले तीस दिनभित्र दर्ता गराउनु पर्नेछ।

तर दफा ८ बमोजिम सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र (रोड वर्दीनेश सर्टिफिकेट) लिनु पर्ने सवारी साधनको हकमा त्यस्तो प्रमाणपत्र प्राप्त गरेको मितिले तीस दिनभित्र दर्ता गराउनु पर्नेछ।

(३) दातृ निकाय तथा विदेशी लगानीमा सञ्चालित योजना सम्पन्न भई त्यस्तो योजना नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदा प्राप्त हुन आएको दफा ११ बमोजिम अस्थायी दर्ता भएको वा भन्सार छुट भएको सवारी साधन प्राप्त भएको मितिले तीस दिनभित्र दर्ता गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता हुने सवारी साधन दर्ताको लागि विभागले सम्बन्धित प्रदेशको विषयगत मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

(५) नेपाल सरकारको परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आएको कूटनीतिक सुविधा प्राप्त सवारी साधन दर्ता तथा नवीकरण गर्दा दस्तुर लाग्ने छैन।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि "कूटनीतिक सुविधा प्राप्त सवारी साधन" भन्नाले कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधन सम्झनु पर्छ।

(६) नेपाल भित्र कुनै व्यवसाय तथा काम कारोवार गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी साधन दर्ता गराउन चाहेमा यस ऐन बमोजिम पेश गर्नु पर्ने कागजातको अतिरिक्त सम्बन्धित कूटनीतिक नियोगको सिफारिसपत्र समेत पेश गर्नु पर्नेछ।

(७) सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित संस्थाको नाममा बाहेक चौध भन्दा बढी सीट सङ्ख्या तथा चार टन वा सो भन्दा बढी कुल वजन भएका सवारी साधनलाई निजी सवारीको रूपमा दर्ता गर्न पाइने छैन।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि तीन पाङ्ग्रे रिक्सा, पावर टिलर, ट्राइसाईकल वा प्रतिघण्टा अधिकतम गति पच्चीस किलोमिटर भन्दा कम भएका सवारी साधनको दर्ता र नियमन सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।

(९) दुईसय पचास वाट (पिक पावर) भन्दा कम क्षमता भएको दुई पाङ्ग्रे विद्युतीय सवारी साधनको दर्ता तथा व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

(१०) कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी साधनलाई प्रदेश कानूनमा निर्धारण भएको प्रक्रिया पूरा गरी अन्य प्रयोजनको लागि दर्ता गर्न सकिनेछ।

(११) प्राचीन तथा पुरानो सवारी साधन (भिन्तेज सवारी) लाई यस ऐन बमोजिमको मापदण्डको अधीनमा रही प्रदेश कानून बमोजिम दर्ता गर्न सकिनेछ ।

(१२) सवारी साधनको दर्ता, पुन: दर्ता, दर्ता स्थानान्तरण, दर्ता नामसारी, नवीकरण, दर्ता विवरणमा हेरफेर र लगतकट्टा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

१०. <u>एक प्रदेशमा दर्ता भएको सवारी साधन अर्को प्रदेशमा चलाउन सकिने:</u> (१) कुनै एक प्रदेशमा दर्ता भएको सवारी साधन अर्को प्रदेशमा चलाउन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सरकारी सवारी, सार्वजनिक संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र बाटोको इजाजतपत्र प्राप्त सवारी बाहेकका अन्य सवारी साधन लगातार वा पटक पटक गरी एक वर्ष अवधि भन्दा बढी दर्ता भएको प्रदेश भन्दा अर्को प्रदेशमा चलाउन पाइने छैन।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "सरकारी सवारी" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा वा त्यस्तो सरकार वा तहको कुनै कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधन सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको भन्दा बढी अवधिको लागि एक प्रदेशमा दर्ता भएको सवारी साधन अर्को प्रदेशमा चलाउन परेमा प्रदेश कानून बमोजिम सवारी साधनको दर्ता स्थानान्तरण गर्नु पर्नेछ।

११. <u>अस्थायी दर्ता</u>: (१) नेपाल सरकार र कुनै दातृ निकाय बीच सम्झौता भई वैदेशिक लगानीमा सञ्चालित आयोजनाको लागि कुनै विदेशी कम्पनी वा संस्थाको नाममा पैठारी भएका सवारी साधन सम्बन्धित आयोजना सम्बद्ध विषयगत मन्त्रालयबाट स्वीकृत मूल सूची (मास्टर लिष्ट) मा परेको र त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित मन्त्रालयबाट लेखी आएमा विभागको सिफारिसमा प्रदेश कानून बमोजिम अस्थायी दर्ता गरी सवारी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित अवस्थाको अतिरिक्त देहायको अवस्थामा कुनै सवारी साधन प्रदेश कानून बमोजिम अस्थायी रुपमा दर्ता गर्न सकिनेछ:-

(क) सवारी साधन पैठारी गर्ने व्यक्ति सवारी साधन दर्ता गराउनु पर्ने म्याद भित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) पैठारी गरिएको सवारी साधनको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपुर्जाको खराबीको कारणले गर्दा त्यस्तो सवारी साधन तुरुन्त दर्ता गराउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्था परी सो सवारी साधन निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेण्ट वा बीमा कम्पनीसँग क्षतिपूर्ति सम्बन्धी विवाद परी तुरून्त दर्ता गराउन नसकिने भएमा।

१२. <u>अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुने</u>: (१) सवारी साधन दर्ता गर्दा उल्लेख गरिएको प्रयोजन भन्दा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद् वा अन्य कुनै विशेष परिस्थिति सिर्जना भएको अवस्थामा त्यस्तो परिस्थिति कायम रहेको अवधिसम्मका लागि सरकार वा प्रदेश सरकारले आवश्यक मापदण्ड बनाई कुनै सवारी साधनलाई दर्ता भएको प्रयोजन भन्दा फरक प्रयोजनको लागि प्रयोग गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(३) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारी साधनलाई जुन प्रयोजनको निमित्त भन्सार महसुल छुट दिइएको हो सो प्रयोजन बाहेक अन्य प्रयोजनको निमित्त प्रयोग गर्न पाइने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी सवारीको रूपमा दर्ता भएका सवारी साधनलाई त्यस्तो सवारी धनीसँग सम्झौता गरी अर्को व्यक्ति वा संस्थाले आफ्नो निजी प्रयोजनको लागि प्रयोग गर्न बाधा पर्ने छैन।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश कानून बमोजिम एग्रिगेटरले यातायात सेवा सञ्चालन गर्न पाउने गरी अनुमति जारी गर्न सक्नेछ।

१३.  सवारी साधनको अभिलेख राख्नु पर्नेः (१) सवारी साधन दर्ता गर्ने निकायले सवारी साधनको दर्ता, पुन:दर्ता, दर्ता स्थानान्तरण, दर्ता नामसारी, नवीकरण, दर्ता विवरणमा हेरफेर, लगतकट्टा लगायतका विवरणहरू नेपाल सरकारको एकीकृत विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत विद्युतीय प्रणालीमा भरपर्दो, विश्वसनीय र वास्तविक तथ्याङ्क प्रविष्ट गर्नु गराउनु सम्बन्धित निकायको दायित्व हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रणालीमा प्रविष्ट भएको विवरण विभागले अभिलेखको रुपमा सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद–४
## चालक अनुमतिपत्र सम्बन्धी

१४.  सवारी साधन चलाउन नहुनेः (१) कसैले पनि जुन वर्गको सवारी साधन चलाउने हो सो वर्गको चालक अनुमतिपत्र प्राप्त नगरी सवारी साधन चलाउनु हुँदैन।

(२) कसैले आफ्नो स्वामित्वको वा आफ्नो जिम्मामा रहेको सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिनु हुँदैन।

(३) उपदफा (१) र (२) मा लेखिएको कुनै कुराले चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्ति (सिकारू) लाई चालक प्रशिक्षण दिने प्रयोजनको लागि सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति साथैमा राखी सवारी साधन चलाउन दिन बाधा पर्ने छैन।

(४) सार्वजनिक सवारी चलाउनको लागि सम्बन्धित वर्गको व्यावसायिक चालक अनुमतिपत्र लिनु पर्नेछ।

१५.  चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिनेः (१) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिनेछः–

(क) ठूला सवारी साधनको निमित्त तेइस वर्ष उमेर पूरा नगरेको,

(ख) मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी साधनको लागि एक्काइस वर्ष उमेर पूरा नगरेको,

(ग) हलुका चार पाङ्ग्रे, तीन पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनको लागि अठार वर्ष उमेर पूरा नगरेको,

(घ) व्यावसायिक सवारी चालक अनुमतिपत्र प्राप्त गर्नको लागि आठ कक्षा उत्तिर्ण नगरेको,

(ङ) ठूला र मझौला सार्वजनिक सवारीका लागि पैसठ्ठी वर्ष उमेर पूरा गरेको,

(च) छारे रोग भएको वा मानसिक अस्वस्थताको कारण सवारी साधन चलाउन नसक्ने अवस्था भएको वा एकाएक रिङ्गटा लाग्ने वा मुर्छा पर्ने किसिमको रोग भएको,

(छ) रातो, हरियो, पहेंलो रङ्गहरू छुट्टाछुट्टै रुपमा छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ज) रतन्धो भएको व्यक्ति, एक वा दुवै आँखाको दृष्टि गुमेको वा आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठिक नभएको,

(झ) एक वा दुवै हात, एक वा दुवै खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको,

(ञ) व्यावसायिक सवारी चालक अनुमतिपत्रको लागि ध्वनी सङ्केत सुन्न नसक्ने गरी बहिरो भएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (च), (छ), (ज), (झ) र (ञ) मा उल्लिखित व्यक्तिहरूको हकमा चालक क्षमता परीक्षण गराई प्रदेश कानून बमोजिम निजी प्रयोजनको लागि सवारी चालक अनुमतिपत्र प्रदान गर्न सिकनेछ।

(३) उपदफा (१) को खण्ड (च), (छ), (ज), (झ) र (ञ) मा उल्लिखित व्यक्तिहरूको प्रचलित कानून बमोजिम मान्यता प्राप्त चिकित्सकबाट शारीरिक क्षमता परीक्षण गराउनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शारीरिक तथा मानसिक अस्वस्थताको कारण सवारी साधन चलाउन असमर्थ भएको, मादक पदार्थ वा लागू पदार्थ सेवन सम्बन्धी दुर्व्यसनमा परी निको भई नसकेको व्यक्तिलाई व्यावसायिक चालक अनुमतिपत्र प्रदान गरिने छैन।

१६. <u>चालक अनुमतिपत्र जारी गरिने</u> : (१) देहायका विषयमा जाँच तथा परीक्षणमा सफल हुने व्यक्तिलाई प्रदेश कानून बमोजिम चालक अनुमतिपत्र जारी गर्ने कार्यालयले अनुसूची-३ मा व्यवस्था भए बमोजिमका वर्ग, प्रकार तथा सामान्य र व्यावसायिक समेत खुल्ने गरी सवारी चालक अनुमतिपत्र जारी गर्नेछः-

(क) सवारी तथा यातायात सम्बन्धी कानून तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य जानकारी र सवारी साधनको यान्त्रिक ज्ञान सम्बन्धी सामान्य जानकारी सम्बन्धमा लिखित जाँच,

(ख) खण्ड (क) बमोजिमको लिखित जाँचमा उत्तिर्ण हुने व्यक्तिको सवारी साधन चलाउन सक्ने क्षमताको सम्बन्धमा देहायका विषयको प्रयोगात्मक परीक्षण,-

(अ) कच्ची तथा चिप्लो बाटोमा सवारी साधन चलाउन सक्ने क्षमता,

(आ) घुमाउरो, उकालो तथा ओरालो बाटोमा सवारी साधन चलाउन सक्ने क्षमता,

(इ) सवारी साधनलाई अगाडि र पछाडि सुरक्षित रुपमा सार्न सक्ने क्षमता,

(ई) निर्धारित लेनमा सवारी साधन सुरक्षित साथ चलाउन सक्ने र निर्धारित स्थानमा पार्किङ गर्न सक्ने क्षमता,

(ग) व्यावसायिक सवारी चालक अनुमतिपत्रको हकमा मन्त्रालयले जारी गरेको मापदण्ड अनुसार हुने गरी प्रदेश कानूनमा व्यवस्था भए बमोजिमको थप अन्य परीक्षण ।

(२) आपतकालीन सेवा, निर्माण कार्य वा अन्य विशेष कार्य तथा प्रयोजनका लागि डिजाइन र निर्माण गरिएका सवारी साधनको लागि चालक अनुमतिपत्र प्रदान गर्ने सम्बन्धमा प्रदेश कानूनमा

त्यस्तो सवारी साधन अनुसारको जाँच तथा परीक्षण गर्ने व्यवस्था गरी आवश्यक परीक्षण गरी त्यस्तो सवारी साधन चलाउन चालक अनुमतिपत्र दिन सकिनेछ।

(३) चालक अनुमतिपत्रको ढाँचा अनुसूची-४ मा व्यवस्था भए बमोजिम हुनेछ।

(४) चालक अनुमतिपत्र जारी गर्दा वा एक पटक जारी भएको चालक अनुमतिपत्रमा अन्य सवारी साधनको वर्ग थप गर्दा उपदफा (१) को अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम जाँच तथा परीक्षण गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम शुरुमा जारी हुने वा उपदफा (४) बमोजिम अरू सवारी साधन थप गरी जारी हुने चालक अनुमतिपत्र एक वर्षको लागि परीक्षणकालमा रहने गरी दिनुपर्नेछ।

(६) चालक अनुमतिपत्र जारी गर्ने कार्यालयले चालक अनुमतिपत्रको अभिलेख नेपाल सरकारको एकीकृत विद्युतीय प्रणालीमा प्रविष्ट गरी आफ्नो कार्यालयमा समेत सुरक्षित राख्नु पर्नेछ।

(७) चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा अनुमति दिएका वर्गका सवारी साधन नेपालभर चलाउन पाउनेछ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत सवारी चालक अनुमतिपत्र प्राप्त गरी सार्वजनिक सवारीको चालकको रुपमा काम गरेको वा सवारी चालकको रुपमा पेसामा रहेको व्यक्तिले चालक अनुमतिपत्र नवीकरण गराउँदा सोको प्रमाण सम्बन्धित कार्यालयमा पेस गरेमा त्यस्तो चालक अनुमतिपत्रलाई व्यावसायिक चालक अनुमतिपत्रमा परिणत गरी कार्यालयले नवीकरण गरिदिनु पर्नेछ।

(९) चालक अनुमतिपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१७. <u>चालक अनुमतिपत्रको अवधि, नवीकरण तथा प्रतिलिपि</u>ः (१) चालक अनुमतिपत्रको बहाल अवधि जारी भएको मितिले दश वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को खण्ड (ङ) बमोजिम ठूला र मझौला सार्वजनिक सवारी साधनका लागि उमेर हद तोकिएको व्यक्तिले प्राप्त गरेको चालक अनुमतिपत्रको बहाल अवधि त्यस्तो उमेर हदभन्दा बढी हुने छैन।

(३) चालक अनुमतिपत्रको बहाल अवधि सकिएको मितिले नब्बे दिनभित्र प्रदेश कानूनमा निर्धारण भएको नवीकरण दस्तुर र मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र पेश गरी त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नुपर्नेछ।

(४) चालक अनुमतिपत्र जारी गर्ने कार्यालयले अनलाईन प्रणालीको विकास गरी त्यस्तो प्रणालीबाट समेत चालक अनुमतिपत्र नवीकरण गराउने व्यवस्था गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको अवधिमा चालक अनुमतिपत्र नवीकरण गराउन नसक्ने व्यक्तिले नवीकरण दस्तुर र सोको देहाय बमोजिमको जरिबाना बुझाई अनुमतिपत्र नवीकरण गराउन सक्नेछः-

(क) बहाल अवधि समाप्त भएको मितिबाट एक वर्षसम्म एकसय प्रतिशत,

(ख) बहाल अवधि भएको मितिबाट दुई वर्षसम्म एकसय पचास प्रतिशत,

(ग) बहाल अवधि भएको मितिबाट तीन वर्षसम्म दुईसय प्रतिशत,

(घ) बहाल अवधि भएको मितिबाट चार वर्षसम्म दुईसय पचास प्रतिशत,

(ङ) बहाल अवधि भएको मितिबाट पाँच वर्षसम्म तीनसय प्रतिशत ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र पनि नवीकरण नगरेका चालक अनुमतिपत्र त्यस्तो अनुमतिपत्र जारी गर्ने कार्यालयले खारेज गरी लगत दर्ता कट्टा गर्नेछ।

(७) चालक अनुमतिपत्रको नवीकरण र प्रतिलिपि सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१८. विदेशी चालक अनुमतिपत्रको मान्यताः (१) नेपालको चालक अनुमतिपत्रलाई मान्यता दिने राष्ट्र वा सडक ट्राफिक सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष भएको राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रले परीक्षणकालीन चालक अनुमतिपत्रको रुपमा मान्यता पाउनेछ।

(२) उपदफा (१) मा उल्लिखित राष्ट्र बाहेकका अन्य राष्ट्रवाट कसैले चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने त्यस्तो अनुमतिपत्रको मान्यता प्रदेश कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम चालक अनुमतिपत्र प्राप्त व्यक्तिले चालक अनुमतिपत्रमा लेखिएको सवारी साधन नेपाल भित्र चलाउन पाउनेछ।

१९. अन्तर्राष्ट्रिय चालक अनुमति (इन्टरनेशनल ड्राइभिंग परमिट) जारी गर्नेः विभागले चालक अनुमतिपत्रको म्याद बहाल रहेको नेपाली नागरिकलाई विदेशमा सवारी साधन चलाउनको लागि अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र (इन्टरनेशनल ड्राइभिंग परमिट) जारी गर्नेछ।

२०. चालक अनुमतिपत्रको निलम्बन तथा खारेजीः (१) देहायको कुनै अवस्थामा चालक अनुमतिपत्र निलम्बन गर्न सकिनेछः-

(क) ज्यान लिने मनसायले कुनै मानिसको मृत्यु हुने गरी दुर्घटना गराएको भनी कुनै अदालतमा मुद्दा दायर भएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नलागेसम्म,

(ख) यस ऐन बमोजिम पालना गर्नुपर्ने सर्तहरू पालना नगरेमा वा चालक अनुमितपत्रको बहाल अवधिमा दश पटक भन्दा बढी सवारी सम्बन्धी कानूनको उल्लङ्घन गरेको प्रमाणित भएमा छ महिनासम्म।

(२) देहायको कुनै अवस्थामा चालक अनुमतिपत्र खारेज हुनेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिम चालक अनुमतिपत्र निलम्बन गरिएको मुद्दामा चालक अदालतबाट कसुरदार ठहरिएमा,

(ख) दफा १५ बमोजिमको अयोग्यता ढाँटी चालक अनुमतिपत्र लिएको प्रमाणित भएमा।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको मुद्दामा सफाई पाएमा वा खण्ड (ख) बमोजिमको अवधिपछि त्यस्तो व्यक्तिको चालक अनुमतिपत्र स्वतः फुकुवा हुनेछ ।

२१. चालक अनुमतिपत्र साथमा राख्नु पर्नेः (१) सवारी साधन चलाउँदा चालक अनुमतिपत्र साथैमा राख्नु पर्नेछ।

(२) व्यावसायिक सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक वर्ष मान्यता प्राप्त चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउनु पर्नेछ र सोको प्रमाण सार्वजनिक सवारी साधन चलाउँदा साथैमा राख्नु पर्नेछ।

परिच्छेद–५

## बाटो निर्धारण र बाटो इजाजतपत्र सम्बन्धी व्यवस्था

२२. बाटो निर्धारणः (१) सडकको स्तर, सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्रीको चाप समेतका आधारमा विभागले राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा सञ्चालन हुने यातायात सेवाका लागि बाटो निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाटो निर्धारण गरेको सूचना विभागले राष्ट्रिय स्तरका दैनिक पत्रिका र आफ्नो वेभसाईटमा प्रकाशन गर्नु पर्नेछ।

(३) सडकको स्तर, सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्रीको चाप समेतका आधारमा प्रदेशभित्रका एक भन्दा बढी स्थानीय तहमा पर्ने गरी प्रदेशभित्र सञ्चालन हुने यातायात सेवाका लागि प्रदेश कानून बमोजिम प्रदेशको सम्बन्धित निकायले र कुनै स्थानीय तहभित्र सञ्चालन हुने यातायात सेवाका लागि स्थानीय कानून बमोजिम स्थानीय तहको कार्यपालिकाले बाटो निर्धारण गर्न सक्नेछ।

(४) प्रचलित कानून बमोजिम सार्वजनिक यातायात प्राधिकरण गठन भएका शहरी क्षेत्रको बाटो निर्धारण सम्बन्धमा सोही कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२३. बाटो इजाजतपत्रः (१) दफा २२ को उपदफा (१) बमोजिम निर्धारण गरिएको बाटोमा यातायात सेवा सञ्चालन गर्नु अघि कार्यालयबाट बाटो इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बाटो इजाजतपत्र लिन चाहने सवारी धनीले देहायका कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनु पर्नेछ।

(क) यस ऐन बमोजिम बीमा गरेको कागजात,

(ख) सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सवारी साधनको चालक, सहचालक, सुरक्षा कर्मचारी तथा अन्य कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नको लागि सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचीकृत गराएको निस्सा,

(घ) कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, र

(ङ) जाँचपासको प्रमाणपत्र।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि बाटो इजाजतपत्र लिएका सवारी धनीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई बाटो इजाजतपत्र दिन उपयुक्त देखिएमा कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा बाटो इजाजतपत्र जारी गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय लोकमार्ग वा अन्तर प्रदेश लोकमार्गमा सार्वजनिक यातायात सेवा सञ्चालनको लागि विभागले सवारीको मापदण्ड, सेवाको सर्त र अवधि तोकी विभिन्न यातायात सेवा प्रदान गर्ने कम्पनीबीच प्रतिस्पर्धा गराई छनोट गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम छनोट भएको यातायात सेवा प्रदान गर्ने कम्पनीको सवारी साधनलाई कार्यालयले बाटो इजाजतपत्र जारी गर्न सक्नेछ।

(७) उपदफा (४) बमोजिम बाटो इजाजतपत्र जारी गरेको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(८) प्रदेशले निर्धारण गरेको बाटोमा प्रदेश कानून बमोजिम प्रदेशको कार्यालयले र स्थानीय तहले निर्धारण गरेको बाटोमा स्थानीय तहको कानून बमोजिम स्थानीय तहको कार्यपालिकाले बाटो इजाजतपत्र जारी गर्न सक्नेछ।

(९) दफा २२ को उपदफा (४) बमोजिम निर्धारण भएको बाटोको लागि त्यस्तो बाटो निर्धारण गर्ने निकायले यस ऐनको अधीनमा रही बाटो इजाजतपत्र जारी गर्न सक्नेछ।

(१०) बाटो इजाजतपत्र लिएको सार्वजनिक सवारीले एकभन्दा बढी बाटोको प्रयोग गर्नु परेमा वा विशेष काम परी बाटो इजाजतपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा सवारी साधन चलाउनु परेमा त्यस्तो सवारी साधनले तोकिएको दस्तुर बुझाई तोकिएको निकायबाट पटके बाटो इजाजतपत्र लिन सक्नेछ।

(११) बाटो इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा त्यस्तो इजाजतपत्र जारी गर्ने निकायबाट प्रतिलिपि लिनु पर्नेछ।

(१२) बाटो इजाजतपत्र जारी गर्दा सार्वजनिक सवारीलाई प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा सञ्चालन गर्न सहयोग पुग्ने गरी जारी गर्नु पर्नेछ।

२४. <u>बाटो इजाजतपत्रको बहाल अवधि र नवीकरण</u>: (१) बाटो इजाजतपत्र जारी भएको मितिले एक वर्षसम्मको लागि बहाल रहनेछ।

(२) उपदफा (१) बमोजिमको बहाल अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित सवारी धनीले नवीकरण दस्तुर र यस ऐन बमोजिमको बीमा गरिएको कागजात संलग्न राखी कार्यालयबाट अर्को एक वर्षसम्मको लागि बाटो इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र बाटो इजाजतपत्र नवीकरण गराउन नसक्ने सवारी धनीले सोको कारण सहित त्यस्तो अवधि समाप्त भएको मितिले एक महिनाभित्र निवेदन दिएमा कार्यालयले निवेदन उपर आवश्यक जाँचबुझ गर्दा नवीकरण गर्न उपयुक्त देखेमा नवीकरणको लागि लाग्ने दस्तुरमा शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

(४) बाटो इजाजतपत्र नवीकरणको लागि दिइने निवेदनको ढाँचा, नवीकरण दस्तुर र बाटो इजाजतपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) प्रदेश वा स्थानीय तहबाट जारी भएको बाटो इजाजतपत्रको नवीकरण सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश कानून तथा स्थानीय तहको कानून बमोजिम हुनेछ ।

(६) दफा २३ को उपदफा (१०) बमोजिम जारी बाटो इजाजतपत्रको नवीकरण यस ऐन बमोजिमको अधिकार प्रयोग गरी बाटो इजाजतपत्र जारी गर्ने निकायले गर्न सक्नेछ।

२५. <u>बाटो परिवर्तन गर्नु परेमा</u>: (१) बाटो इजाजतपत्रको अवधि समाप्त नहुँदै सो बाटो इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै बाटोमा प्रयोग गर्नु परेमा सवारी धनीले दफा २३ बमोजिम बाटो इजाजतपत्रको लागि निवेदन दिई बाटो इजाजतपत्र लिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा बाटो इजाजतपत्र जारी गर्ने निकायले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको बाटो इजाजतपत्र खारेज गरी नयाँ बाटो इजाजतपत्र दिनु पर्छ।

२६. <u>बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्ने</u>ः (१) राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गको अवस्था, सवारी साधनको आकार र प्रकृति, यात्रीको चाप र यातायात सेवामा संलग्न सार्वजनिक सवारीको सङ्ख्यालाई मध्यनजर गर्दा त्यस्तो बाटोमा थप सवारीलाई बाटो इजाजतपत्र प्रदान गर्न आवश्यक नदेखिएमा वा प्रदुषण तथा सुरक्षाको दृष्टिले बाटो इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हित प्रतिकूल हुन जाने देखिएमा वा नेपाल सरकारले समय समयमा प्रकाशन गरेको सूचना कार्यान्वयन नगरेमा बाटो इजाजतपत्र जारी गर्ने कार्यालयले बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाटो इजाजतपत्र दिन इन्कार गरिएको कारण सहितको जानकारी सम्बन्धित पक्षलाई गराउनु पर्नेछ।

२७. <u>बाटो इजाजतपत्र स्वतः रद्द हुने</u>ः (१) दफा २४ बमोजिमको अवधिभित्र बाटो इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो बाटो इजाजतपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो इजाजतपत्रको लगत जारी गर्ने निकायले कट्टा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको बाटो इजाजतपत्र नवीकरण गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिम बाटो इजाजतपत्र रद्द भई लगत कट्टा भएको सार्वजनिक सवारीको धनीले पुनः बाटो इजाजतपत्र लिन निवेदन दिएमा निजबाट दफा २३ बमोजिम लिनुपर्ने दस्तुर र पाँच हजार रूपैयाँ जरिबाना लिई बाटो इजाजतपत्र पुनः दिनेछ।

२८ . <u>बाटो इजाजतपत्र स्थगित गर्न सक्ने</u>ः (१) बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रन गई एक वर्षभन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा त्यस्तो सवारीको धनीले सोको व्यहोरा खुलाई तोकिए बमोजिमको कागजात संलग्न गरी बाटो इजाजतपत्र जारी गर्ने निकायमा त्यस्तो इजाजतपत्र स्थगित गर्न निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखेमा बाटो इजाजतपत्र जारी गर्ने कार्यालयले सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारी साधनको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम बाटो इजाजतपत्र स्थगित गरिएको अवधिको लागि नवीकरण दस्तुर लाग्ने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाटो इजाजतपत्र लिएका सवारी साधनले सो इजाजतपत्र उल्लिखित बाटोमा सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेको पाइएमा बाटो इजाजतपत्र जारी गर्ने निकायले बढीमा तीन महिनासम्मका लागि त्यस्तो सवारी साधनको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सवारी साधनको बाटो इजाजतपत्र स्थगित गर्दा प्रतिस्पर्धाको आधारमा अन्य सवारी साधनलाई बाटो इजाजतपत्र दिन सकिनेछ।

२९. बाटो इजाजतपत्र रद्द गर्न सकिने : (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारी धनीले सोको प्रमाण सहित बाटो इजाजतपत्र रद्दको लागि इजाजतपत्र जारी गर्ने कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी बाटो इजाजतपत्र जारी गर्ने कार्यालयले त्यस्तो इजाजतपत्र रद्द गर्न सक्नेछ।

३०. सवारी साधन जाँचपास गराउनु पर्नेः (१) प्रत्येक सार्वजनिक सवारीको दर्ता मिति वा च्यासिस मात्र पैठारी गरी दर्ता भएको सवारी साधनको रङ्ग र सिट क्षमता कायम भएको मितिले पाँच वर्षसम्म प्रत्येक वर्षमा एक पटक र सोभन्दा पछि प्रत्येक छ महिनामा एक पटक सवारी जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित सवारी साधन र दुई पाङ्ग्रे सवारी साधन बाहेक अन्य सवारी साधनले सुरु दर्ता भएको मितिले पाँच वर्षपछि प्रत्येक वर्ष एक पटक सवारी जाँचपास गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सवारी साधनको जाँचपास तथा सवारीको रङ्ग र सिट क्षमता कायम गराउनको लागि सवारी धनीले कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालयले प्राविधिकबाट सवारी साधनको परीक्षण गराउँदा यस ऐन बमोजिम निर्धारण गरिएको मापदण्ड पूरा भएको पाइएमा तोकिएको ढाँचामा सवारी जाँचपास र सवारी साधनको रङ्ग साथै सिट क्षमता कायम भएको प्रमाणपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सवारी साधनको परीक्षण गर्दा जाँचपासमा असफल भएमा कार्यालयले त्यस्तो सवारी साधनको बाँकी अवधिको बाटो इजाजतपत्र निलम्बन गर्न त्यस्तो इजाजतपत्र जारी गर्ने कार्यालयमा सिफारिस गर्नेछ र यसरी सिफारिस भई आएमा बाटो इजाजतपत्र दिने कार्यालयले बाँकी अवधिको बाटो इजाजतपत्र निलम्बन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सवारी जाँचपास असफल भएको सवारी साधनले मर्मत संभार गरी पुनः परीक्षण गराउन ल्याएमा तोकेको दस्तुर लिई कार्यालयले सवारी परीक्षण गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सवारी परीक्षण गर्दा मापदण्ड पूरा भएको पाइएमा कार्यालयले तोकेको ढाँचामा सवारी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ र त्यस्तो प्रमाणपत्र सहित निवेदन दिएमा उपदफा (५) बमोजिम इजाजतपत्र निलम्बन गर्ने निकायले त्यस्तो निलम्बन फुकुवा गरिदिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सवारी साधन परीक्षण गर्दा सवारी जाँचपासमा असफल हुने सवारी साधनको बाँकी अवधिको बाटो इजाजतपत्र स्वतः खारेज हुनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९६ बमोजिम जारी गरिएको मापदण्डको आधारमा प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशभित्र सञ्चालन हुने सवारी साधनको सवारी जाँचपास सम्बन्धित प्रदेश अन्तर्गतको निकायले गर्नेछ।

३१. प्रदुषण परीक्षण गराउनु पर्नेः (१) प्रत्येक सार्वजनिक सवारीले दर्ता भएको मितिले पाँच वर्षसम्म प्रत्येक वर्षमा एक पटक र सो अवधि पछि प्रत्येक छ महिनामा एक पटक सवारी साधनको प्रदुषण परीक्षण गराउनु पर्नेछ।

(२) सार्वजनिक सवारी बाहेकका अन्य सवारी साधनले शुरु दर्ता भएको मितिले तीन वर्षसम्म एक पटक र सो अवधि पछि प्रत्येक वर्षमा एक पटक सवारी साधनको प्रदुषण परीक्षण गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय लोकमार्ग वा अन्तरप्रदेश लोकमार्गमा चल्ने सवारी साधनको प्रदुषण परीक्षण गराउनको लागि सार्वजनिक सवारी धनीले कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३)बमोजिम निवेदन प्राप्त हुन आएमा प्राविधिकबाट सवारी साधनको परीक्षण गराउँदा यस ऐन बमोजिम निर्धारित मापदण्ड पूरा भएको पाइएमा कार्यालयले तोकिएको ढाँचामा सवारी प्रदुषण परीक्षणको प्रमाणपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सवारी साधनको परीक्षण गर्दा त्यस्तो साधनले तोकेको मापदण्ड भन्दा बढी प्रदुषण गरेको पाइएमा कार्यालयले त्यस्तो सवारी साधनको बाँकी अवधिको बाटो इजाजतपत्र निलम्बन गर्न त्यस्तो इजाजतपत्र जारी गर्ने निकायमा सिफारिस गर्न सक्नेछ र त्यसरी सिफारिस भई आएमा बाटो इजाजतपत्र दिने निकायले बाँकी अवधिको बाटो इजाजतपत्र निलम्बन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सवारी प्रदुषण परीक्षणमा असफल भएको सवारी साधनले मर्मत संभार गरी पुनः परीक्षण गराउन ल्याएमा तोकेको दस्तुर लिई कार्यालयले सवारी प्रदूषण परीक्षण गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्रदुषण परीक्षण गर्दा तोकेको मापदण्ड पूरा भएको पाइएमा कार्यालयले उपदफा (४) बमोजिम सवारी प्रदुषण परीक्षणको प्रमाणपत्र दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सवारी प्रदुषण परीक्षणको प्रमाणपत्र सहित उपदफा (५) बमोजिम बाटो इजाजतपत्र निलम्बन गर्ने निकायमा सवारी धनीले निवेदन दिएमा त्यस्तो निकायले बाटो इजाजतपत्र निलम्बन फुकुवा गरिदिनु पर्नेछ।

(९) उपदफा (७) बमोजिम प्रदुषण परीक्षण गर्दा पनि परीक्षणमा असफल हुने सवारी साधनको बाँकी अवधिको बाटो इजाजतपत्र स्वतः खारेज हुनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९६ बमोजिम तोकेको मापदण्डको आधारमा प्रदेशभित्र सञ्चालन हुने सवारी साधनको प्रदुषण परीक्षण प्रदेश कानून बमोजिम हुनेछ।

(११) यस दफा बमोजिम प्रदुषण परीक्षणमा पास नभएको सवारी साधनको दफा ३० बमोजिम सवारी जाँचपास गर्नु गराउनु हुदैन।

(१२) यस दफा बमोजिम प्रदूषण परीक्षणमा पास भई प्रमाणपत्र प्राप्त सवारी साधनले त्यस्तो प्रमाणपत्र सवारी साधनको अघिल्लो भागमा टाँस गर्नु पर्नेछ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय सवारी साधनको प्रदुषण परीक्षण गर्नु वा गराउनु पर्ने छैन।

३२. <u>सवारी जाँचपास तथा प्रदूषण परीक्षण सम्बन्धी विशेष व्यवस्था</u>: प्रचलित कानून बमोजिम स्थापना भई मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेका निजी क्षेत्रका सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रलाई सवारी जाँचपास तथा सवारी प्रदूषणको परीक्षण गरी प्रमाणपत्र जारी गर्न अनुमति दिन सक्नेछ।

३३. <u>यातायात सेवाको पञ्जीकरण गर्नु पर्नेः</u> (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सेवा प्रदायकले यातायात सेवाको पञ्जीकरण गराउनु पर्नेछ।

(२) राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सवारी साधनको हकमा कार्यालयमा र अन्य मार्गमा चल्ने सवारी साधनको हकमा प्रदेश कानून बमोजिमको निकायमा पञ्जीकरण गराउनु पर्नेछ।

३४. <u>भाडा निर्धारण गर्नेः</u> (१) विभागले तोकिएको मापदण्डको आधारमा राष्ट्रिय लोकमार्ग र अन्तर-प्रदेश लोकमार्गमा सञ्चालन हुने सार्वजनिक सवारीको भाडादर निर्धारण गर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले निश्चित वर्गका यात्रीको लागि सहुलियत भाडादर तोक्नेछ।

(३) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा प्रदेश सरकार तथा स्थानीय तहले प्रदेश कानून तथा स्थानीय तहको कानून तथा अन्य प्रचलित कानून बमोजिम सार्वजनिक सवारीको भाडादर निर्धारण गर्न सक्नेछ ।

(४) सार्वजनिक सवारीले तोकिएको वा निर्धारण गरिएको दर बमोजिमको भाडा लिनु पर्नेछ।

३५. <u>सार्वजनिक सवारीको सम्बन्धमा पालना गर्नुपर्ने सर्तः</u> सार्वजनिक यातायातको सवारी धनी, सवारी चालक, परिचालक वा कर्मचारीले देहायका सर्तहरूको पालना गर्नु पर्नेछ :-

(क) भौतिक वा विद्युतीय टिकट जारी गरेर मात्र यात्रामा संलग्न गराउनु पर्ने,

(ख) मध्यम दुरीको बाटो वा लामो दुरीको बाटोमा चल्ने सार्वजनिक यातायातको सवारीले यात्रीको नाम ठेगाना उल्लेख भएको सूची यात्रा अवधिभर सवारी साधनमा राख्नु पर्ने,

(ग) यात्रीको सङ्ख्या बाटो इजाजतपत्र दिने निकायले निर्धारण गरेको सङ्ख्या भन्दा बढी नहुने गरी सवारी साधन चलाउनु पर्ने,

(घ) यात्रीबाहक सार्वजनिक सवारीको चालकले तोकिएका विश्राम केन्द्र (रिफ्रेसमेन्ट सेन्टर) वा स्थानमा प्रत्येक चार घण्टामा एकपटक आधा घण्टा विश्राम गर्नु पर्ने,

(ङ) लामो दुरीको बाटोमा सञ्चालन हुने यात्रीबाहक सार्वजनिक सवारीमा प्रत्येक आठ घण्टापछि चालक परिवर्तन गरी यातायात सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने,

(च) सवारी साधनको छतमा यात्री राखी चलाउन नहुने,

(छ) सवारी चालक तथा सहचालकले सवारी साधन चलाउँदा मादक पदार्थ तथा अन्य नशालु पदार्थको सेवन गर्न नहुने,

(ज) सार्वजनिक सवारीमा निश्चित वर्गका यात्रीका लागि तोकेको सीट सङ्ख्या सुरक्षित राख्नु पर्ने,

(झ) यात्रीवाहक सार्वजनिक सवारीको लागि बाटो अनुसार निर्धारण गरिएको गति भन्दा बढी गतिमा सवारी साधन चलाउन नहुने,

(ञ) यात्री लाई पूर्व निर्धारित गन्तव्य स्थलसम्म पुऱ्याउनु पर्ने,

(ट) दुई पाङ्ग्रे सवारीले सञ्चालिकृत यातायात सेवा प्रदान गर्दा अनलाइन प्रणालीको प्रयोग गरेर मात्र गर्नुपर्ने,

(ठ) यात्री, पैदल यात्री तथा अन्य सर्वसाधारण व्यक्तिलाई शिष्ट, मर्यादित र सम्मानजनक व्यवहार गर्नु पर्ने,

(ड) सार्वजनिक सवारीमा प्राथमिक उपचारको सामाग्री (किट), आगो निभाउने यन्त्र, फोहर सङ्कलन गर्ने भाँडाको व्यवस्था गर्नु पर्ने,

३६. <u>सुरक्षा कर्मचारी राख्न सक्ने</u>: (१) सार्वजनिक सवारीको धनीले सवारी साधन तथा यात्रीको सुरक्षाको लागि आवश्यकता अनुसार त्यस्तो सवारी साधनमा सुरक्षा कर्मचारी राख्न सक्नेछ।

(२) कुनै सार्वजनिक सवारीमा यात्री तथा सवारी साधनको सुरक्षाको लागि सुरक्षाकर्मी राख्नु पर्ने अवस्था र आवश्यकता भएमा सार्वजनिक सवारीको धनीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सुरक्षाकर्मी खटाईदिन निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा प्रमुख जिल्ला अधिकारीले सुरक्षा चुनौतिको आधारमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी वल नेपालबाट आवश्यक सुरक्षाकर्मी खटाउन सक्नेछ।

३७. <u>आदेश दिन सक्ने</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले कुनै सेवा प्रदायकलाई कुनै खास अवधिको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिईएको आदेशको पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ।

परिच्छेद–६

## <u>सडक यातायात सुरक्षा सम्बन्धी</u>

३८. <u>सवारीको गति निर्धारण</u>: (१) बाटो इजाजतपत्र जारी गर्ने कार्यालय वा निकायले सडक यातायात सम्बन्धी निकायको परामर्शमा सडकको अवस्था, सवारीको वर्ग र स्तर समेतको आधारमा सवारीको गति निर्धारण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारीको गति निर्धारण राष्ट्रिय लोकमार्ग र अन्तर प्रदेश लोकमार्गको हकमा विभागले, प्रदेश र स्थानीय तहबाट बाटो इजाजतपत्र दिइने बाटोको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहको बाटो इजाजतपत्र दिने निकायले र प्रचलित कानून बमोजिम सार्वजनिक यातायात प्राधिकरण गठन भएका शहरी क्षेत्रको हकमा सोही कानूनमा व्यवस्था भए बमोजिमको निकायले गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्धारण भएको गति भन्दा बढी गतिमा सवारी साधन चलाउन नपाउने गरी निषेध गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम निर्धारण गरिएको सुरक्षित गति सम्बन्धी सूचना तथा सो सम्बन्धी सङ्केत चिन्ह सडक यातायात सम्बन्धी निकायले सडकको उपयुक्त स्थानमा टाँस्न, अङ्कित वा जडान (एसेम्बल) गर्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स वा नेपाल सरकारले विशेष किसिमको ध्वनि तथा बत्ति प्रयोग गर्ने अनुमति दिएका सवारी साधनले यात्री, चालक

र सवारी साधनको सुरक्षा समेतलाई बिचार गरी उपदफा (१) बमोजिम निर्धारण भएको गति भन्दा बढि गतिमा सवारी साधन चलाउन सक्नेछन्।

(६) स्थानीय तहले सडकको अवस्था तथा सडक छेउको मानववस्ती समेतको आधारमा सरोकारवाला निकायको परामर्शमा उपदफा (१) वा (३) बमोजिम निर्धारण भएको अधिकतम गति भन्दा कम हुने गरी सवारीको गति निर्धारण गर्न सक्नेछ।

३९. सवारीको वजन र यात्रीको सङ्ख्याको हद तोक्नेः (१) मन्त्रालयले सडक र सवारी साधनको अवस्था हेरी सामान सहितको सवारीको वजनको हद (सीमा), आकार र यात्रीको अधिकतम सङ्ख्या निर्धारण सम्बन्धी मापदण्ड बनाउन सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सवारीको वजन" भन्नाले कुनै सवारी साधनको लागि प्राविधिक रुपमा कायम हुनसक्ने भनी उत्पादक कम्पनीले तोकेको सवारी साधनको अधिकतम वजन वा सवारी साधनको कुल वजन सम्झनु पर्छ र सो शब्दले त्यस्तो सवारी साधनले बोकेको सामान तथा यात्री समेतको तौललाई जनाउँछ।

(२) सवारी साधन सञ्चालन गर्दा उपदफा (१) बमोजिमको मापदण्ड पालना गर्नुपर्नेछ।

(३) सवारी दर्ता प्रमाणपत्रमा तोकिएको सिट सङ्ख्या भन्दा बढी यात्री राखी सवारी साधन चलाउनु हुदैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि शहरी क्षेत्रको छोटो दुरीको बाटोमा चल्ने सवारी साधनको हकमा त्यस्तो सवारी साधनको उत्पादकले निर्धारण गरेको सीट सङ्ख्या र उभिएर यात्रा गर्न सक्ने अधिकतम सङ्ख्यामा नबढ्ने गरी यात्री राखी सवारी साधन चलाउन बाधा पर्ने छैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "छोटो दुरीको बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटर दुरीसम्मको बाटो सम्झनु पर्छ।

४०. प्रतिबन्ध लगाउन वा आदेश दिन सक्नेः (१) सार्वजनिक सुरक्षा, सर्वसाधारणको हित वा यातायात व्यवस्थापनको दृष्टिले कुनै सार्वजनिक सडकमा कुनै सवारी साधन चलाउन वा आवागमन नियन्त्रण गरी एकतर्फी सञ्चालन गर्न उपयुक्त देखिएमा सरोकारवाला निकायको परामर्शमा विभागले त्यस्तो सडकमा सवारी साधन पूर्ण रुपमा सञ्चालन गर्न नपाउने गरी प्रतिबन्ध लगाउन वा एकतर्फी रुपमा वा समयावधी तोकी सवारी साधन सञ्चालन गर्न आदेश दिन सक्नेछ।

तर राष्ट्रिय राजमार्गको हकमा निर्माण वा मर्मत सम्भार वा सडक सम्पत्ति सुरक्षाका लागि अल्पकालीन रुपमा सवारी साधन चलाउन निषेध गर्नु परेमा सम्बन्धित सडक यातायात सम्बन्धी निकायले त्यस्तो आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश लोकमार्ग वा स्थानीय सडकमा प्रतिबन्ध लगाउने वा आदेश दिन विषयमा प्रदेश कानून बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्रतिबन्ध लगाइएको वा आदेश दिएको सूचना त्यस्तो प्रतिबन्ध लगाउने वा आदेश दिने निकायले सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गरी त्यस्तो सूचना प्रतिबन्ध लगाइएको वा आदेश दिईएको सडकको उपयुक्त स्थानमा समेत राख्नु पर्नेछ।

४१. <u>ट्राफिक सङ्केत</u>ः (१) सडक यातायात सम्बन्धी निकायले तोकिएको मापदण्ड बमोजिमको रङ्ग, आकार र नमूना बमोजिम ट्राफिक सङ्केत सडकमा राख्नु वा जडान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको वा जडान गरिएको ट्राफिक सङ्केत अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले राखिएको स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, विगार्न, मेट्न, च्यात्न वा केरमेट गर्नु हुँदैन।

४२. <u>खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी सम्बन्धमा</u>ः (१) खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी गर्ने मालबाहक सवारी साधनले त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी साधन तथा सर्वसाधारणलाई जानकारी दिन सवारी साधनमा साङ्केतिक चिन्ह सबैले देख्न सक्ने गरी राख्नु पर्नेछ।

(२) खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी गर्ने सवारी साधनले यस ऐन बमोजिम निर्धारण गरिएको मापदण्डको पालना गर्नु पर्नेछ।

४३. <u>सुरक्षापेटी र सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्ने</u>ः (१) सवारी चालक र सवारी साधनको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ।

(२) नेपाल सरकारले मध्यम दुरीको बाटो र लामो दुरीको बाटोमा सञ्चालन हुने सवारी साधनमा यात्रा गर्ने यात्रीले सुरक्षापेटी लगाउनु पर्ने गरी तोक्न सक्नेछ।

(३) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालक र त्यस्तो सवारी साधनमा यात्रा गर्ने अन्य यात्रीले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ।

(४) सवारी साधनमा दश वर्ष र सो भन्दा मुनिका वा एक सय पैंतिस सेन्टिमिटर भन्दा कम उचाई भएका बालबालिकाको लागि छुट्टै सिट (चाइल्ड रिस्ट्रेन्ट) को व्यवस्था गर्नु पर्नेछ।

(५) सवारी साधन चलाउँदा बालबालिकालाई अगाडिको सिटमा राख्न पाइने छैन।

४४. <u>अपारदर्शी सिसा प्रयोग गर्न नहुने</u>ः नेपाल सरकारले निर्धारण गरेका सवारी साधनमा बाहेक अन्य सवारी साधनमा बाहिरबाट भित्र नदेखिने गरी अपारदर्शी सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी अपारदर्शी बनाउन पाइने छैन।

४५. <u>पार्किङ स्थल तथा बिसौनी</u>ः (१) सडकको अवस्था र भौगोलिक अवस्थिति समेतको आधारमा बाटो इजाजतपत्र जारी गर्ने निकायले सम्बन्धित निकायबाट निर्धारण गरिएका पार्किङ स्थल र बिसौनीमा सो सवारी साधनको लागि पार्किङ तथा विसौनी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित स्थल वा बिसौनीमा सवारी साधन रोक्दा वा बिसाउँदा अन्य सवारी साधन वा सर्वसाधारणको आवागमनमा बाधा वा जोखिम नहुने गरी रोक्नु वा बिसाउनु पर्नेछ।

(३) कुनै सवारी साधन चलाउँदैको अवस्थामा बिग्रिई तत्काल अन्यत्र लैजान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमले सडकको बायाँ किनारामा राखी त्यस्तो सवारी साधनले अन्य सवारी साधनले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती, रिफ्लेक्टर वा अन्य सङ्केत राख्नु पर्नेछ।

४६. <u>दुर्घटना निम्त्याउने क्रियाकलाप गर्न नहुने</u>ः (१) कसैले चालक बस्ने स्थान (ड्राईभर क्याविन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राख्न वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुऱ्याउने कार्य गर्नु हुँदैन।

(२) कसैले सार्वजनिक सडकमा मालसामान, निर्माण सामग्री वा सवारी साधन राखी वा पशु चौपाया छोडी मानिस वा सवारी साधनको आवागमनमा बाधा पुर्याउने कार्य गर्नु हुँदैन।

(३) सवारी साधनको चालकले दुर्घटना हुन सक्ने गरी लापरवाही वा जोखिमयुक्त तरिकाले सवारी साधन चलाउन हुँदैन।

(४) सवारी चालकको लापरवाही वा गल्तीको कारण कसैलाई क्षति हुन गएमा सोको जिम्मेवारी त्यस्तो चालकको हुनेछ।

४७. डर, त्रास देखाउन वा शक्तिको प्रयोग गर्न नहुनेः (१) सवारी साधन निर्दिष्ट मार्गमा चलाईरहेको समयमा कसैले त्यस्तो सवारी साधनलाई अन्य मार्गबाट लैजान कुनै किसिमको डर, त्रास, भय देखाउने वा अन्य कुनै किसिमको शक्तिको प्रयोग गर्ने कार्य गर्न वा गराउन हुँदैन।

(२) सवारी साधनमा रहेका चालक, परिचालक, सुरक्षा कर्मचारी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, निजहरू प्रति अभद्र व्यवहार गर्ने, सवारी रोक्ने, सवारी साधन तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारी साधनमा रहेका यात्री वा मालसामानलाई कुनै तबरले हानि नोक्सानी पुर्याउने कार्य गर्न वा गराउन हुँदैन।

४८. मादक पदार्थ वा नशालु पदार्थ सेवन गरी सवारी साधन चलाउन नहुनेः (१) सवारी साधनको चालकले मादक पदार्थ वा नशालु पदार्थ सेवन गरी सवारी साधन चलाउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थालाई मादक पदार्थ सेवन गरेको मानिनेछः-

(क) रगतमा मादक पदार्थ (ब्लड अल्कोहल कन्सेन्ट्रेशन) को मात्रा शुन्य दशमलव शुन्य पाँच ग्राम प्रति डेसिलिटर भन्दा बढी भएमा, वा

(ख) तीस वर्ष भन्दा कम उमेरका सवारी चालक वा परीक्षण कालमा रहेका सवारी चालकको हकमा शुन्य दशमलव शुन्य दुई ग्राम प्रति डेसिलिटर भन्दा बढी भएमा।

४९. सवारी साधन रोक्नु पर्नेः (१) सवारी चालकले आफूले चलाइरहेको सवारी साधन देहायको अवस्थामा रोक्नु पर्नेछ :

(क) सुरक्षाकर्मी वा यातायात निरीक्षकले सवारी साधन रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई त्यस्तो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी साधन रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी साधन दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएमा,

(घ) जेब्रा क्रसिङमा मानिस ओहोरदोहोर गरी रहेकोमा वा ट्राफिक बत्तिले रोक्ने सङ्केत गरेकोमा।

(२) सहायक सडकबाट मूल सडकमा प्रवेश गर्दा सवारी साधन रोकेर हेरेर सुरक्षित रुपमा प्रवेश गर्नु पर्नेछ।

५०. <u>सवारी साधन दुर्घटनाको जानकारी दिनु पर्नेः</u> (१) कुनै सवारी साधन दुर्घटना भएमा त्यस्तो सवारी साधनको चालक, परिचालक, यात्री वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिले तुरुन्त नजिकको सुरक्षाकर्मी, प्रहरी कार्यालय वा स्थानीय प्रशासन वा स्थानीय तहलाई सोको जानकारी गराई दुर्घटनाबाट घाइते भएका मानिसको उद्धार तथा उपचारको लागि आवश्यक पहल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दुर्घटनाग्रस्त भएको सवारी साधनको सम्बन्धमा प्रहरीले त्यस्तो सवारी साधनको चालक, परिचालक, यात्री वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिसँग कुनै कुराको जानकारी माग गरेमा दुर्घटनाको सम्बन्धमा जानकारी दिनु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम सवारी साधन दुर्घटनामा परेका व्यक्तिलाई आपतकालीन चिकित्सा वा गैर चिकित्सकीय हेरचाह वा सहायता प्रदान गर्ने वा पीडितलाई अस्पताल पुर्याउने क्रममा असल मनसायका साथ काम गर्दा कुनै चोटपटक लागेमा वा मृत्यु भएमा असल उद्दारकर्ता (गुड सामरिटन) लाई कुनै पनि देवानी तथा फौजदारी कारबाहीको लागि जिम्मेवार बनाइने छैन ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "असल उद्दारकर्ता (गुड सामरिटन)" भन्नाले कुनै पुरस्कार वा लाभको अपेक्षा नराखी असल मनसायका साथ स्वेच्छाले दुर्घटना भएको स्थलमा मनासिव सावधानीपूर्वक प्राथमिक उपचार गर्ने, हेरचाह गर्ने वा सहायता प्रदान गर्ने वा पीडितलाई अस्पताल पुऱ्याउने व्यक्ति सम्झनु पर्छ।

(४) उपदफा (१) बमोजिम सवारी साधन दुर्घटना भएमा दुर्घटनाका सम्बन्धमा असल उद्दारकर्ता (गुड सामरिटन) लाई प्रश्न सोध्ने वा परीक्षण गर्ने तथा निजसँग व्यक्तिगत जानकारी लिन सकिनेछ।

(५) उपदफा (१) बमोजिम दुर्घटनामा परेका सवारी साधन र यात्रीलाई कुनै हानि नोक्सानी गर्न पाइने छैन।

(६) सडक दुर्घटनामा परी घाईते भएको व्यक्तिको आफन्त वा नजिकको नातेदार सम्पर्कमा नआएको अवस्थामा वा घाईते व्यक्तिले उपचारको लागि खर्च गर्न सक्ने अवस्था नभएमा नजिकको अस्पताल तथा स्वास्थ्य संस्थाले प्रारम्भिक उपचारको व्यवस्था गर्नु पर्नेछ।

५१. <u>दुर्घटना स्थलको निरीक्षण गर्नेः</u> (१) दफा ५० को उपदफा (१) बमोजिम दुर्घटनाको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी कर्मचारीले दुर्घटना गराउने वा दुर्घटनामा पर्ने सवारी साधन तथा दुर्घटनास्थलको निरीक्षण र दुर्घटना सम्बन्धी आवश्यक सूचना संकलन गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम दुर्घटनाको छानविनमा खटिने कर्मचारीले बैज्ञानिक र तथ्यपरक ढंगले अनुसन्धान तहकिकात गर्नु पर्नेछ।

(३) गम्भिर प्रकृतिका र मानवीय क्षति भएका सडक दुर्घटनाको सम्बन्धमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अध्ययन अनुसन्धान गर्नु पर्नेछ।

५२. <u>सवारी साधन बायाँतिरबाट चलाउनु पर्नेः</u> (१) कुनै पनि सडकमा सवारी साधन चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ तर्फबाट चलाउनु पर्नेछ ।

(२) कुनै सवारी साधन अगाडि गइरहेकोमा त्यस्तो सवारी साधनलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान सङ्केत दिएपछि मात्र पछाडिको सवारी साधनले दाहिने तिरबाट उछिनी जानु पर्नेछ।

५३. निर्धारित ठाउँबाट हिड्नु पर्नेः (१) सडक पेटी भएको सडकमा पैदलयात्रीले त्यस्तो सडकको पेटीबाट हिड्नु पर्नेछ।

तर, कुनै सडकमा सडक पेटी नभएमा पैदलयात्रीले त्यस्तो सडकको दायाँ किनारा च्यापी हिड्न बाधा पर्ने छैन ।

(२) कुनै पैदलयात्रीले सडकमा बाटो काटी हिड्नु परेमा त्यस्तो सडकमा रहेको जेब्रा क्रसिंग, सब-वे, ओभरहेड ब्रिज वा बाटो काट्न निर्धारण गरिएको ठाउँबाट हिड्नु पर्नेछ।

परिच्छेद-७

## बीमा सम्बन्धी व्यवस्था

५४. सवारीको बीमा गर्नुपर्नेः (१) सवारी धनीले सवारी साधनको प्रदेश कानूनले निर्धारण गरे बमोजिम बीमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा नगरिएको सवारी साधनको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र बीमा नगरिएको सार्वजनिक सवारीको यातायात सेवा सञ्चालनको लागि पञ्जीकरण गरिने र बाटो इजाजतपत्र प्रदान गरिने छैन।

५५. चालक, परिचालक, सुरक्षा कर्मचारी तथा अन्य कर्मचारीको बीमाः (१) सवारी धनीले यातायात सेवामा संलग्न चालक, परिचालक, सुरक्षा कर्मचारी र अन्य कर्मचारीको तोकिएको न्युनतम रकम भन्दा कम नहुने गरी दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) बाटोको अनुमतिपत्र दिने अधिकारीले उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षा कर्मचारी तथा अन्य कर्मचारीको बीमा गराए, नगराएको यकिन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बीमाको रकम सवारी साधन दुर्घटना परी घाईते वा अंगभंग भएका चालक, परिचालक, सुरक्षा कर्मचारी र अन्य कर्मचारीलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षा कर्मचारी तथा अन्य कर्मचारीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई चालक, परिचालक, सुरक्षा कर्मचारी वा अन्य कर्मचारीलाई कुनै किसिमको हानि नोक्सानी हुन गएमा सवारी धनीले हानि नोक्सानी भएका चालक, परिचालक, सुरक्षा कर्मचारी तथा अन्य कर्मचारीलाई उपदफा (१) बमोजिमको रकममा नघट्ने गरी क्षतिपूर्ति बापत रकम दिनु पर्नेछ।

(५) सवारी साधनको दुर्घटना परी सवारी साधनको चालक, परिचालक, सुरक्षा कर्मचारी तथा अन्य कर्मचारीको मृत्यु हुन गएमा उपदफा (३) वा (४) बमोजिम निजले पाउनु पर्ने बीमा रकम निजको कानून बमोजिमको हकवालालाई दिनु पर्नेछ।

५६. यात्रीको बीमाः (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सवारी धनीले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा भएको सूचना सम्बन्धित यात्रीलाई दिनु पर्नेछ।

(३) बाटो इजाजतपत्र दिने निकायले त्यस्तो इजाजतपत्र दिनु भन्दा अघि उपदफा (१) बमोजिम यात्रीको बीमा गराए नगराएको व्यहोरा यकिन गर्नु पर्नेछ।

(४) सवारी साधन दुर्घटनाबाट कुनै यात्री घाइते वा अंगभंग भएमा दुर्घटना बीमा वापतको रकम निजलाई र त्यस्तो दुर्घटनामा यात्रीको मृत्यु भएकोमा निजको कानून बमोजिमको हकवालालाई दुर्घटना बीमा वापतको रकम दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम बीमा नगराई कुनै सार्वजनिक सवारी सञ्चालन गर्दा दुर्घटना भई त्यसमा यात्रा गरिरहेका कुनै यात्रीलाई कुनै किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम बारबरको रकम सवारी धनीले त्यस्तो यात्री वा निजको मृत्यु भएकोमा निजको कानून बमोजिमको हकवालालाई दिनु पर्नेछ।

५७. <u>मालसामानको बीमा</u>ः (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनीले सवारी साधनमा यात्रा गर्ने प्रत्येक यात्रीले व्यक्तिगत प्रयोजनका लागि आफ्नो साथमा लैजाने मालसामानको तोकिएको रकमको बीमा गराउनु पर्नेछ।

(२) यातायात सेवा प्रयोग गरी यात्रा गर्ने यात्रीले आफ्नो साथमा लगेको कुनै मालसामान हराएमा वा नष्ट भएमा त्यस्तो मालसामानको वास्तविक मुल्य जतिसुकै भए तापनि उपदफा (१) बमोजिमको बीमा रकमभन्दा बढी हुने गरी दावी गरिएको क्षतिपूर्तिको रकमको लागि सवारी धनी उत्तरदायी हुने छैन।

(३) कुनै सवारी धनीले बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीको मालसामान हराएमा वा नष्ट भएमा त्यस्तो यात्री वा निजको कानून बमोजिमको हकवालालाई सम्बन्धित सवारी धनीले उपदफा (१) बमोजिमको बीमा रकम क्षतिपूर्ति बापत दिनु पर्नेछ।

(४) सेवा प्रदायकले ढुवानी यातायात सेवा सञ्चालन गर्दा माल सामानको बीमा गर्नु पर्नेछ। मालसामान ढुवानी गर्दा हराएमा वा नष्ट भएमा सो वापतको बीमा रकम निज वा निजको हकवालालाई सेवा प्रदायकले दिनु पर्नेछ।

(५) बाटो इजाजतपत्र प्रदान गर्ने निकायले यस दफा बमोजिम मालसामानको बीमा गरे नगरेको सम्वन्धमा यकिन गर्नु पर्नेछ ।

५८. <u>तेस्रो पक्षको बीमा</u>ः (१) तेस्रो पक्ष वा बृहत् (कम्प्रिहेन्सीभ) बीमा नगरी कुनै सवारी साधन सञ्चालन गर्नु गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम बीमा नगरी कुनै सवारी साधन दुर्घटना भई त्यसको कारण कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्तिमा कुनै किसिमले हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानीको क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनीले तेस्रो पक्षको बीमा गराउनु पर्नेछ।

(३) यस ऐन बमोजिम सवारी साधनको दर्ता नवीकरण तथा बाटो इजाजतपत्र दिने निकायले उपदफा (१) बमोजिम बीमा नगरी त्यस्तो सवारी साधनको दर्ता तथा बाटो इजाजतपत्रको नवीकरण गर्नु गराउनु हुँदैन।

(४) उपदफा (१) बमोजिम बीमा गरिएको सवारी साधन दुर्घटना भई कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्तिमा हानि नोक्सानी पुग्न गएमा त्यस्तो हानि नोक्सानीको क्षतिपूर्ति बापत हानि नोक्सानी हुने व्यक्ति वा निजको हकवालाले उपदफा (१) बमोजिमको बीमा रकम पाउनेछ।

(५) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा बृहत् (कम्प्रिहेन्सीभ) बीमा नगराई चलाएको सवारी साधन दुर्घटना भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्तिमा हानि नोक्सानी हुन गएमा त्यस्तो

हानि नोक्सानी बापत तेस्रो पक्ष वा निजको नजिकको हकवालालाई सवारी धनीले उपदफा (१) बमोजिमको बीमा रकम क्षतिपूर्ति बापत उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद–८

## उच्चस्तरीय यातायात व्यवस्थापन समिति र विभागको काम, कर्तव्य र अधिकार

५९. उच्चस्तरीय यातायात व्यवस्थापन समितिः (१) यातायात क्षेत्रलाई व्यवस्थित बनाउने सम्बन्धमा अन्तर तह तथा निकायगत समन्वयका लागि देहाय बमोजिमको एक उच्चस्तरीय यातायात व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | भौतिक पूर्वाधार तथा यातायात मन्त्री | -अध्यक्ष |
| (ख) | प्रत्येक प्रदेशका यातायात विषय हेर्ने मन्त्री | -सदस्य |
| (ग) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश समन्वय हेर्ने) | -सदस्य |
| (घ) | सचिव, मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | -सदस्य |
| (च) | विभागको महानिर्देशक, | -सदस्य |
| (छ) | सडक विभागको महानिर्देशक | -सदस्य |
| (ज) | प्रमुख, प्रहरी प्रधान कार्यालय ट्राफिक निर्देशनालय | -सदस्य |
| (झ) | अध्यक्ष, नेपाल नगरपालिका संघ | -सदस्य |
| (ञ) | अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ | -सदस्य |
| (ट) | यातायात सम्बद्ध राष्ट्रिय स्तरको महासंघको अध्यक्ष | -सदस्य |
| (ठ) | भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले मनोनित गरेको एकजना महिला | -सदस्य |
| (ड) | मन्त्रालयको यातायात विषय हेर्ने सह-सचिव, | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ठ) बमोजिमको सदस्यमा मनोनयन हुनको लागि कम्तीमा दश वर्ष यातायात सेवा प्रदान गर्ने निकाय, संस्था वा कम्पनीमा संलग्न भई काम गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ठ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ र निज पुनः मनोनयन हुन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजले पदीय कर्तव्यको पालना नगरेमा वा उपदफा (१) बमोजिमको समितिको हित विपरीत कार्य गरेमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ।

तर निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक वर्षको कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) उपदफा (१) बमोजिमको समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकमा गणपूरक संङ्ख्या पुगेको मानिनेछ।

(७) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(८) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यातायात क्षेत्रसँग सम्बन्धित नीति तथा कानूनको समीक्षा र विश्लेषण गरी सुधारका लागि नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(ख) यातायात क्षेत्रलाई व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तह तथा गैरसरकारी निकायसँग समन्वय गर्ने,

(ग) सवारी तथा यातायात सम्बन्धी कानूनमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) यातायात व्यवस्थापनमा एकरुपता ल्याउन आवश्यक कार्य गर्ने,

६०. <u>विभागः</u> (१) यातायात सेवाको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा अनुगमनको लागि मन्त्रालय अन्तर्गत एक यातायात व्यवस्था विभाग रहनेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सडक यातायात सेवालाई भरपर्दो, सुरक्षित, पहुँचयोग्य, मितव्ययी तथा वातावरणमैत्री बनाउन आवश्यक आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) खण्ड (क) बमोजिम गरिएको अनुसन्धानको आधारमा नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा मन्त्रालयमा सिफारिस गर्ने,

(ग) नेपाल र अन्य देशबीच भएको सम्झौताको आधारमा दफा ९ बमोजिम दर्ता भई अन्तराष्ट्रिय रुटमा सञ्चालन हुने सवारीको बाटो इजाजत र भाडा निर्धारण गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) यातायातको प्रभावकारी व्यवस्थापन र विकासको लागि प्रदेश सरकार तथा स्थानीय तहको सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,

(ङ) मालसामान ढुवानीको प्राथमिकता तोकी त्यस्तो प्राथमिकता अनुसारको मालसामान ढुवानी गर्न यातायात व्यवसायी, कम्पनी तथा सो काम गर्ने अन्य निकायलाई निर्देशन दिने,

(च) राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सार्वजनिक यातायातको भाडा निर्धारण सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी मापदण्ड स्वीकृतिको लागि सिफारिस गर्ने,

(छ) सम्बन्धित निकायहरूसँग समन्वय गरी ट्राफिक चिन्ह, सङ्केतहरूको राष्ट्रिय मापदण्ड तयार गर्ने,

(ज) सवारी साधन र यातायात सेवाको स्तर निर्धारण गर्ने,

(झ) सवारी चालक प्रशिक्षण केन्द्र र कारखाना तथा वर्कशप दर्ताको राष्ट्रिय मापदण्ड तयार गर्ने,

(ञ) सवारी साधन एसेम्वल तथा उत्पादन गर्ने कारखाना तथा वर्कशपहरूको अनुमतिपत्र जारी तथा नवीकरण गर्ने,

(ट) सवारी साधनको यान्त्रिक स्थिति तथा स्वरूपको परीक्षणको सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने,

(ठ) सवारी चालक अनुमतिपत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम तथा चालक सीप परीक्षणको लागि आवश्यक मापदण्ड तथा परीक्षा प्रणालीको विकास गर्ने,

(ड) सवारी चालक अनुमतिपत्रको व्यवस्थापन सम्बन्धी विद्युतीय प्रविधिको प्रयोगका लागि प्रदेश सरकारसँग समन्वय तथा सञ्जालीकरण गर्ने,

(ढ) सवारी साधन दर्ता, सवारी चालक अनुमतिपत्र र यातायात व्यवस्थापन सम्बन्धी एकीकृत अभिलेख राख्ने प्रयोजनको लागि प्रदेश सरकारसँग समन्वय गरी सञ्जालीकृत विद्युतीय सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने र प्रदेश सरकार मातहतका निकाय समेतलाई आवद्दता गराउने,

(ण) नेपाल सरकार तथा प्रदेश सरकारको सडक यातायात सम्बन्धी निकायबीच संजाल (नेटवर्क) को स्थापना गरी अनलाईन प्रणालीको विकास गर्ने,

(त) नेपालमा उत्पादन हुने, नेपालमै जडान (एसेम्बल) हुने वा पैठारी भई आउने सवारी साधन विद्यमान सवारी प्रदूषण मापदण्ड तथा सवारी साधन सम्बन्धी अन्य मापदण्ड बमोजिम भए नभएको एकिन गरी आयात अनुमति तथा दर्ताका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(थ) सवारी साधनको उत्पादन गर्न, वडी निर्माण गर्न तथा जडान (एसेम्बल) को लागि अनुमति दिने,

(द) सवारी परीक्षण केन्द्र, तौल पुल, विश्राम स्थल जस्ता पूर्वाधारहरूको मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्ने र त्यस्ता स्थानको अनुगमन गर्ने,

(ध) प्रयोगमा रहेका सवारी साधनको प्रदूषण मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्ने,

(न) विभाग अन्तर्गतका निकायको अनुगमन तथा निरीक्षण गर्ने,

(प) यातायात व्यवस्थापन सम्बन्धमा नेपाल प्रहरीसँग समन्वय गर्ने गराउने,

(फ) यातायातसँग सम्बन्धित सरोकारवाला संघ संस्थाहरूसँग समन्वय एवं सहकार्य गर्ने।

६१. <u>यातायात निरीक्षक</u>: (१) सार्वजनिक तथा निजी सवारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा तोकेको मापदण्ड बमोजिम पालना गर्नुपर्ने सर्तहरू पूरा गरे वा नगरेको निरीक्षण गर्न यातायात निरीक्षक रहनेछ।

(२) मन्त्रालयले कार्यालयको प्रमुख वा कुनै अधिकृतस्तरको कर्मचारी वा कुनै निकायको कर्मचारीलाई र प्रदेशको सम्बन्धित मन्त्रालय अन्तर्गतको सडक यातायात व्यवस्थापन सम्बन्धी कार्यालयको कुनै अधिकृतस्तरको कर्मचारीलाई यातायात निरीक्षकको रुपमा तोक्न सक्नेछ।

(३) यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र प्रदान गरिएको बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) सार्वजनिक सवारीले निर्धारित सिट तथा वजन, क्षमता बमोजिम यात्री राख्ने तथा मालसामान बोक्ने गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारी साधनले यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास र प्रदुषण पास गराए नगराएको निरीक्षण गर्ने,

(घ) सञ्चालनमा रहेका यातायात सेवा कानून बमोजिम पञ्जीकृत भए नभएको जाँच गर्ने,

(ङ) चालक अनुमति पत्र, यात्रीसूची र तौल सिट (सामानको वजनको विवरण) हेर्ने तथा यात्रीको टिकट जाँची निर्धारित भाडादर लिइएको नलिइएको एकिन गर्ने,

(च) निर्धारित गतिमा सवारी साधन चलाइएको नचलाइएको निरीक्षण गर्ने,

(छ) सवारी धनीले यो ऐन वा यस ऐन बमोजिमको मापदण्ड पालना गरे नगरेको निरीक्षण गर्ने,

## परिच्छेद–९
## सजाय सम्बन्धी व्यवस्था

६२. तत्काल जरिबाना गर्न सक्ने: (१) कसैले देहायको कुनै कार्य गरे वा गराएमा यातायात निरीक्षक वा यातायात व्यवस्थापनमा खटिएको घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले निजलाई तत्काल देहाय बमोजिम जरिबाना गर्न सक्नेछः–

(क) सवारी साधनको प्रयोग दर्ता गरिएको प्रयोजन भन्दा अन्य प्रयोजनमा गरेको पाइएमा सवारी चालकलाई दुई पाङ्ग्रे र तीन पाङ्ग्रे सवारी साधनको हकमा दुई हजार रुपैयाँ, साना र मझौला सवारी साधनको हकमा तीन हजार रुपैयाँ र ठूला सवारी साधनको हकमा पाँच हजार रुपैयाँ,

(ख) चालक अनुमतिपत्र प्राप्त नगरी सवारी साधन चलाएमा वा एक वर्गको सवारी साधनको अनुमति प्राप्त गरी अनुमति प्राप्त नगरेको अर्को वर्गको सवारी साधन चलाएको पाइएमा दुई पाङ्ग्रे र तीन पाङ्ग्रे सवारी साधनको हकमा दुई हजार रुपैयाँ, साना तथा मझौला सवारी साधनको हकमा पाँच हजार रुपैयाँ, ठूला सवारी साधनको हकमा दश हजार रुपैयाँ,

(ग) बाटो इजाजतपत्र लिनु पर्नेमा सो नलिई सवारी सधान चलाएको पाइएमा दश हजार रुपैंया,

(घ) सवारी जाँचपास गराउनु पर्नेमा त्यस्तो जाँचपास नगराई सवारी चलाएको पाइएमा दुई पाङ्ग्रे सवारी साधनको हकमा पाँच हजार रुपैयाँ, तीन पाङ्ग्रे तथा साना सवारी साधनको हकमा दश हजार रुपैयाँ र मझौला तथा ठूला सवारी साधनको हकमा पन्ध्र हजार रुपैयाँ,

(ङ) सवारी प्रदुषण परीक्षणको प्रमाणपत्र नराखी सवारी साधन चलाएमा दुई पाङ्ग्रे सवारी साधनको हकमा एक हजार रुपैयाँ, तीन पाङ्ग्रे तथा साना सवारी साधनको हकमा दुई हजार रुपैयाँ र मझौला तथा ठूला सवारी साधनको हकमा पाँच हजार रुपैयाँ,

(च) यातायात सेवाको पञ्जीकरण नगरी सार्वजनिक यातायात सेवा सञ्चालन गरेमा वा अनधिकृत रुपमा ट्राफिक सङ्केत हटाएमा, बदलेमा, हेरफेर गरेमा, विगारेमा, मेटेमा, च्यातेमा वा केरमेट गरेमा पन्ध्र हजार रुपैयाँ,

(छ) सार्वजनिक सवारीमा भाडादरको सूची नराखेमा वा निर्धारिण गरिएको भन्दा बढी भाडा लिएमा तीन पाङ्ग्रे सवारी साधनको हकमा दुई हजार रुपैयाँ, साना सवारी साधनको हकमा पाँच हजार रुपैयाँ र मझौला तथा ठूला सवारी साधनको हकमा दश हजार रुपैयाँ,

(ज) दफा ३५ बमोजिम सार्वजनिक सवारीले पालना गर्नु पर्ने सर्तको पालना नगरेमा दुई वा तीन पाङ्ग्रे सवारी साधनको हकमा पाँच हजार रुपैयाँ, साना सवारी साधनको हकमा दश हजार रुपैयाँ र मझौला तथा ठूला सवारी साधनको हकमा पन्ध्र हजार रुपैयाँ,

(झ) सवारी साधनको लागि निर्धारण गरिएको सुरक्षित गति सीमा भन्दा बढी गतिमा सवारी साधन चलाएमा, खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी गर्ने मालबाहक सवारी साधनमा तत्सम्न्धी साङ्केतिक चिन्ह राखेको नपाइएमा वा पार्किङ्ग वा बिसौनिको लागि निर्धारण गरिएको स्थान बाहेक अन्यत्र सवारी साधन रोकेमा वा पार्किङ्ग गरेको पाइएमा पाँच हजार रुपैयाँ,

(ञ) सवारी साधनको वजनको हद (सीमा) भन्दा बढी वजन राखेको वा सवारीमा यात्रीको लागि निर्धारण गरिएको अधिकतम सङ्ख्या भन्दा बढी यात्री राखेको पाइएमा पन्ध्र सय रुपैयाँ,

(ट) लामो दुरीको बाटो वा मध्यम दुरीको बाटोमा सञ्चालन हुने सार्वजनिक यात्रीवाहक सवारी साधनमा निर्धारित सीट सङ्ख्या भन्दा बढी यात्री बोकेको पाइएमा मध्यम दुरीको बाटोको हकमा दश हजार रुपैयाँ र लामो दुरीको बाटोको हकमा बीस हजार रुपैयाँ,

(ठ) सुरक्षा पेटी र सुरक्षा टोप (हेल्मेट) नलगाई सवारी साधन चलाएमा तीन हजार रुपैयाँ,

(ड) सवारी साधनमा अपारदर्शी सिसा राखेर वा सिसामा अन्य कुनै बस्तु राखेर बाहिरबाट भित्र नदेखिने गरी बनाई सवारी साधन चलाएमा एक लाख रुपैयाँ,

(ढ) सार्वजनिक सडकमा मालसामान, निर्माण सामग्री वा सवारी साधन राखी वा पशु चौपाया छोडी मानिस वा सवारी साधनको आवागमनमा बाधा पुऱ्याएमा पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म,

(ण) लापरवाही वा जोखिमयुक्त तरिकाले सवारी साधन चलाएमा तीन हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म,

(त) रोक्नु पर्ने अवस्थामा सवारी चालकले सवारी साधन नरोकेमा दुई हजार रुपैयाँ,

(थ) सार्वजनिक सडकको निर्धारित स्थान बाहेकका अन्य स्थानबाट सडकमा पैदल यात्रीले यात्रा गरेमा पाँच सय रुपैयाँ,

(द) सवारी साधन, चालक, परिचालक, सुरक्षा कर्मचारी र अन्य कर्मचारी, यात्री, मालसामान र तेस्रो पक्ष वा बृहत् (कम्प्रिहेन्सीभ) बिमा नगराई सवारी साधन चलाएमा सार्वजनिक सवारीको हकमा दश हजार रुपैयाँ र अन्य सवारीको हकमा पाँच हजार रुपैयाँ,

(ध) अनुमति नलिई विदेशी सवारी साधन नेपालमा चलाएमा पच्चीस हजार रुपैयाँ,

(न) ओभरटेक गर्न नहुने वा असुरक्षित स्थानमा ओभरटेक गरेमा वा राती बत्ती नबाली सवारी साधन चलाएमा दुई हजार रुपैयाँ,

(प) स्तर कायम नगरी वा स्तर कायम नभएको सवारी साधनमा स्तर जनाएमा पाँच हजार रूपैयाँ,

(फ) लेन अनुशासन पालना नगरी सवारी चलाएमा, सङ्केत नदिई लेन परिवर्तन गरेमा, फुटपाथमा सवारी साधन चलाएमा, एकतर्फी सडक (वन वे) मा विपरीत दिशामा सवारी चलाएमा वा मोवाइल फोन प्रयोग गरी सवारी साधन चलाएमा एक हजार रुपैयाँ,

(ब) ट्राफिक सङ्केत पालना नगरेमा एक हजार रुपैयाँ देखि दुई हजार रुपैयाँ,

(भ) सार्वजनिक सवारी साधनमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा वा सवारी चलाउने प्रशिक्षार्थीले चालक अनुमति प्राप्त प्रशिक्षक साथैमा नराखी सवारी चलाएमा तीन हजार रुपैयाँ,

(म) दुर्घटनापछि चालक, सहचालक र अन्य कर्मचारीले पालना गर्नुपर्ने कर्तव्य पालना नगरेमा दुई हजार रुपैयाँ,

(य) निषेधित क्षेत्रमा हर्न बजाएमा पाँच सय रूपैयाँ,

(र) सवारी साधनबाट सडकमा फोहर फालेमा फोहर फाल्नेलाई एक हजार रुपैयाँ,

(ल) यस ऐन बमोजिम साथमा राख्नु पर्ने कागजात साथमा नराखी सवारी साधन चलाएमा एक हजार रूपैयाँ,

तर त्यस्तो कागजात विद्युतीय पोर्टलबाट देखाउन सकेको अवस्थामा जरिबाना गरिने छैन।

(व) सवारी साधनको ढोका खुला राखी सवारी साधन चलाएमा पाँच हजार रूपैयाँ,

(श) अवस्था ठीक नभएको सवारी साधन चलाएमा एक हजार रूपैयाँ,

(ष) निषेधित क्षेत्र र समयमा सवारी साधन चलाएमा एक हजार रूपैयाँ,

(स) सार्वजनिक सवारी साधनले तोकिएको सिट क्षमतासम्मको यात्री लिन इन्कार गरेमा दुई हजार रूपैयाँ र मिटर ट्याक्सीले मिटरमा जान नमानेमा तीन हजार रूपैयाँ,

(ह) दुई पाङ्ग्रे सवारी साधनले अफलाइन सेवा प्रदान गरेमा दुई हजार रुपैयाँसम्म,

(क्ष) सवारी चालक र परिचालकले सवारी साधन चलाउँदा परिचयपत्र नलगाएमा एक सय रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको कार्य दोस्रो पटक गरेमा पचास प्रतिशत र सोभन्दा बढी पटक गरेमा शतप्रतिशत थप जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा यातायात निरीक्षकको कार्यालयमा बुझाउन पुर्जी दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि घटनास्थलमा तत्काल यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा घटनास्थलमा रहेको कुनै प्रहरी जवानले सो उपदफाको उल्लङ्घन गर्ने व्यक्तिलाई निजले गरेको उल्लङ्घनको कार्य खुलाई सो बापत हुने जरिबानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिमको पुर्जी दिँदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्नेछ ।

(६) उपदफा (३) वा (४) मा उल्लिखित समयसम्म जरिबानाको रकम नबुझाउनेलाई सम्बन्धित प्रहरी कार्यालयको सिफारिसमा बाटो इजाजतपत्र जारी गर्ने कार्यालयको प्रमुखले जरिबानाको दोब्बर रकम लिई सवारी साधनको बाटो इजाजतपत्र वा निजले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबाना नबुझाएमा बाटो इजाजतपत्र जारी गर्ने कार्यालयको प्रमुखले त्यस्तो सवारी साधनको बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(८) यस ऐन बमोजिम असुल गर्नुपर्ने जरिबाना सम्भव भएसम्म निर्धारित बैंकमा दाखिला गर्न लगाउनु पर्नेछ ।

(९) उपदफा (१) को उल्लङ्घन गर्ने सवारी चालकलाई उल्लिखित जरिबानाको अतिरिक्त ट्राफिक सम्बन्धी सचेतना कक्षामा सहभागी गराउन सकिनेछ ।

६३. <u>पुनरावलोकनको लागि निवेदन दिन सकिने:</u> (१) दफा ६२ बमोजिम गरिएको जरिबानामा चित्त नबुझ्ने व्यक्तिले विभागको महानिर्देशक वा सम्बन्धित प्रदेशको यातायात व्यवस्था हेर्ने मन्त्रालयको सचिव समक्ष जरिबाना दाखिला गरेको मितिले सात दिनभित्र पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि परेको निवेदन सम्बन्धमा विभागको महानिर्देशक वा सम्बन्धित प्रदेशको यातायात व्यवस्था हेर्ने मन्त्रालयको सचिवले जे जो बुझ्नु पर्ने बुझी निवेदन परेको मितिले पन्ध्र कार्यदिनभित्र सो सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि परेको निवेदन उपर विभागको महानिर्देशक वा सम्बन्धित प्रदेशको यातायात व्यवस्था हेर्ने मन्त्रालयको सचिवले गरेको निर्णय अन्तिम हुनेछ ।

६४. <u>कसुर र सजाय:</u> (१) कसैले देहायको कुनै कार्य गरे वा गराएमा निजले यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ४ विपरीत सवारी दर्ता प्रमाणपत्रमा उल्लिखित नम्बर प्लेट नराखी वा अर्कै नम्बर प्लेट राखी सवारी साधन चलाएमा वा चलाउन लगाएमा,

(ख) दफा ९ बमोजिम दर्ता नगरी सवारी साधन चलाएमा वा चलाउन दिएमा,

(ग) दफा ४७ को उपदफा (१) विपरीतको कार्य गरेमा,

(घ) दफा ४७ को उपदफा (२) विपरीतको कार्य गरेमा,

(ङ) दफा ५० को उपदफा (५) विपरीत दुर्घटनामा परेको सवारी साधन र यात्रीलाई हानि नोक्सानी पुर्याएमा,

(च) दफा ७५ विपरीत सवारी साधनको इन्जिन, च्यासिस, इन्धन वा ऊर्जा प्रणाली परिवर्तन गरेमा,

(२) उपदफा (१) बमोजिमको कसुर कसैले गरे गराएमा देहाय बमोजिम सजाय हुनेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा दश हजार रुपैयाँदेखि तीस हजार रुपैंयासम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय गरी कसुरको गाम्भीर्यताको आधारमा त्यस्तो सवारी साधन समेत जफत हुन सक्ने,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसुर गरेमा दुई पाङ्ग्रे र तीन पाङ्ग्रे सवारी साधनको हकमा पाँच हजार रुपैयाँ जरिबाना, साना र मझौला सवारी साधनको हकमा पन्ध्र हजार रुपैयाँ जरिबाना र ठूला सवारी साधनको हकमा पचास हजार जरिबाना,

(ग) उपदफा (१) को खण्ड (ग) बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयाँसम्म जरिबाना वा दुवै सजाय र कसुरदारबाट हानि नोक्सानी पुगेको व्यक्तिलाई मनासिब क्षतिपूर्तिको रकम,

(घ) उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुर गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैंयाँसम्म जरिबाना वा दुवै सजाय र कसुरदारबाट हानि नोक्सानी पुगेको व्यक्तिलाई मनासिब क्षतिपूर्तिको रकम,

(ङ) उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय र कसुरदारबाट हानि नोक्सानी पुगेको व्यक्तिलाई मनासिब क्षतिपूर्तिको रकम,

(च) उपदफा (१) को खण्ड (च) बमोजिमको कसुर गरेमा सवारी साधनको मूल्य बराबर जरिबाना गरी त्यस्तो सवारी साधन जफत,

६५. <u>ज्यान मारेमा हुने सजायः</u> (१) कसैले सवारी साधन चलाउँदा कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी साधन दुर्घटना हुन गएमा त्यस्तो सवारी साधनमा रहेको वा बाहिर जुनसुकै स्थानमा रहे बसेको कुनै मानिसको त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरुप मृत्यु भएमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको प्रमाणित भएमा सवारी साधन चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ र त्यस्तो कार्यबाट ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी साधन चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ ।

(२) कसैले सवारी साधन चलाउँदा कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना हुन गएमा त्यस्तो सवारी साधनमा रहेको वा बाहिर जुनसुकै स्थानमा रहे बसेको कुनै मानिसको त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरुप मृत्यु भएमा त्यस्तो

कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी साधन चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरबाहीपूर्वक गरी सवारी साधन चलाएको कारणबाट सवारी दुर्घटना हुन गई कुनै मानिसको मृत्यु हुन गएमा त्यसरी सवारी साधन चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुन सक्नेछ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी साधन चलाउँदा सवारी साधन दुर्घटना हुन गई सवारी साधनमा रहेको वा बाहिर जुनसुकै स्थानमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएमा त्यसरी सवारी साधन चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन सक्नेछ।

(४) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी साधन चलाई उपदफा (१) वा (२) वा (३) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम जन्मकैदको सजाय हुनेमा बाहेक अरुमा थप बिस हजार रुपैयाँ समेत जरिबाना हुनेछ।

(५) कुनै सवारी धनी वा सवारी साधनको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी साधन चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिसको मृत्यु भएमा त्यस्तो सवारी साधन चलाउन दिने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँ जरिबाना वा दुवै सजाय हुनेछ।

६६. <u>अङ्गभङ्ग भएमा हुने सजाय</u> : (१) कसैले कुनै सवारी साधन चलाउँदा कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारी साधनमा रहेको वा बाहिर जुनसुकै स्थानमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १९२ को उपदफा (२) बमोजिमको परिणाम हुने गरी अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतकासाथ गरेको भएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) उपदफा (१) बमोजिमको दुर्घटनाजन्य कार्य बदनियतकासाथ गरेको कारण अङ्गभङ्ग भएकोमा एउटै किसिमको काम दिने एउटाभन्दा बढी अङ्ग हुनेमा त्यसमध्ये एउटा अङ्गमात्र बेकम्मा पारी दिएको भए सो उपदफामा लेखिएको सजायको आधा सजाय हुनेछ र अङ्गभङ्ग भएको खत निको भई काम लाग्ने भएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) चालक अनुमति पत्र नभएको व्यक्तिले सवारी साधन चलाई उपदफा (१) मा उल्लेखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा दश हजार रुपैयाँ थप जरिबाना हुनेछ ।

(४) कुनै सवारी धनी वा सवारी साधनको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी साधन चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारी साधनमा रहेको वा सवारी साधन बाहिर जुनसुकै स्थानमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी साधन चलाउन दिने व्यक्तिलाई पचास हजार रुपैयाँ जरिबाना हुनेछ।

६७. <u>घा खर्च, किरिया खर्च र राहत वा क्षतिपूर्ति भराई दिने</u>: (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको रकम चालक वा सवारी धनीबाट भराई दिनु पर्छ :-

(क) ज्यान मरेकोमा मृतकको हकवालालाई किरिया खर्च बापत पचास हजार रुपैयाँ र राहत बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम,

(ख) अङ्गभङ्ग भएकोमा निको हुँदा समेत त्यस्तो अङ्ग काम नलाग्ने भएमा तेस्रो पक्ष बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्चबापत पचास हजार रुपैयाँ ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको मृत्यु भएमा प्रमुख जिल्ला अधिकारीले तत्कालै किरिया खर्च, राहत रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम सवारी चालक वा सवारी धनीबाट मृतकको हकवालालाई भराई दिनु पर्छ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी सवारी साधन चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधि खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक वा सवारी धनीबाट पचास हजार रुपैयाँसम्म दिलाई दिनु पर्छ। त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम दिइनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, किरिया खर्च, राहत र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशत भन्दा बढी चालकबाट भराइने छैन ।

(५) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने किरिया खर्च, घा खर्च, राहत रकम र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजेथाबाट पनि असुल उपर हुन नसकेमा सो असुल उपर नभएको रकम निजबाट असुल उपर भएको जरिबाना मध्येबाट भराई दिनु पर्नेछ।

(६) लोकमार्ग र शहरी सडकमा घरपालुवा पशुपंछी छोडेको कारणले सडक दुर्घटना भएमा सम्बन्धित पशुपंछी धनी वा कारकबाट त्यस्तो दुर्घटनाबाट भएको क्षतिको मनासिब माफिकको क्षतिपूर्ति भराउन सकिनेछ।

(७) मादक पदार्थ सेवन गरी सवारी साधन चलाइ दुर्घटना वा अन्य भौतिक क्षति हुन गएमा त्यस्तो सवारी चालकलाई यस ऐनमा उल्लिखित जरिबानाका अतिरिक्त निजबाट मनासिब माफिकको क्षतिपूर्ति समेत भराउन सकिनेछ ।

(८) यस दफामा लेखिए बमोजिमको क्षतिपूर्ति बीमा कम्पनीले व्यहोर्नेमा त्यस्तो क्षतिपूर्ति बापतको बीमा रकम यथाशीघ्र भराई दिने जिम्मेवारी सम्बन्धित सवारी धनी र स्थानीय प्रशासनको हुनेछ।

(९) कुनै चालकले लापरबाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिबाना, घा खर्च, किरिया खर्च, राहत वा क्षतिपूर्तिको रकम सम्बन्धित फर्म वा कम्पनी वा अन्य सङ्गठित संस्थाले तिरी दिनु पर्नेछ।

६८. सजाय नहुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चालकको काबुभन्दा बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी साधन चलाउने चालकलाई कुनै सजाय हुने छैन।

६९. मुद्दा हेर्ने अधिकारीः यस ऐन बमोजिमका देहायका मुद्दाको शुरु कारबाही तथा किनारा देहायका अधिकारीले गर्नेछ :-

(क) दफा ६४ को उपदफा (२) को खण्ड (क), (ख) र (च) बमोजिम सजाय हुने कसुरसँग सम्बन्धित मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी,

(ख) दफा ६४ को उपदफा (२) को खण्ड (ग), (घ) र (ङ) बमोजिम सजाय हुने कसुरसँग सम्बन्धित मुद्दा र दफा ६५ र ६६ बमोजिमको कसुरसँग सम्बन्धित मुद्दा सम्बन्धित जिल्ला अदालत।

७०. नेपाल सरकार वादी हुने : दफा ६४, ६५ र ६६ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ।

७१. हदम्यादः दफा ६५ र दफा ६६ अन्तर्गतको कसुरको हकमा मुलुकी अपराध संहिता, २०७४ को क्रमशः ज्यान सम्बन्धी कसुरको परिच्छेदमा उल्लिखित हदम्यादभित्र तथा कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसुरको परिच्छेदमा उल्लिखित हदम्यादभित्र र यस ऐन अन्तर्गतका अन्य कसुरको हकमा कसुर भएको मितिले पैँतीस दिनभित्र उजुर गर्नु पर्नेछ।

७२. पुनरावेदनः (१) दफा ६९ को खण्ड (क) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय वा सजायको आदेशको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ६९ को खण्ड (ख) बमोजिम जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-१०

## विविध

७३. सञ्जालीकृत यातायात सेवा सञ्चालनको आधार तयार गर्नेः (१) सूचना प्रविधिमा आधारित सञ्जालीकृत यातायात सेवा सञ्चालनको लागि विभागले यातायात सेवा सञ्चालनको आधार र मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विभागले आधार र मापदण्ड निर्धारण गर्दा सवारी साधनको प्रकृति, लिन सक्ने अधिकतम भाडा रकम, यातायात सञ्चालन हुन सक्ने क्षेत्र, चालक र यात्रीको बीमा तथा सेवा सुविधा, दुरी र चढाउन पाउने अधिकतम यात्रीको सङ्ख्या समेतलाई विचार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको यातायात सेवा सञ्चालन गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले दुई पाङ्ग्रे सवारी साधन बाहेक अरू सवारी साधन त्यस्तो यातायात सेवाको लागि प्रयोग हुने सवारी साधन भाडाको सवारी साधनको रुपमा दर्ता गर्नु पर्नेछ।

७४. अनुमति नलिई विदेशी सवारी साधन चलाउन नहुनेः (१) विदेशमा दर्ता भएको सवारी साधन यस ऐन बमोजिम अनुमति नलिई नेपाल भित्र चलाउन हुँदैन।

(२) विदेशमा दर्ता भएको सवारी साधन नेपाल भित्र चलाउने अनुमति माग गरेमा भन्सार वा अध्यागमन कार्यालयको प्रमुखले तोकिएको दस्तुर लिई एकपटकमा सात दिनमा नबढ्ने गरी पटक पटक गरी बढीमा एक महिनासम्मको लागि त्यस्तो सवारी साधन चलाउने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त गरेको सवारी साधनलाई बाटो इजाजतपत्र आवश्यक पर्ने छैन।

तर त्यस्तो सवारी साधनलाई नेपाल भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमति दिइने छैन।

(४) उपदफा (२) बमोजिम अनुमति प्राप्त सवारी साधन चलाउने सवारी चालकले विदेशी मुलुकबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने त्यस्तो सवारी साधन नेपालभित्र चलाउन अनुमति पाएको अवधिसम्मको लागि सोही सवारी साधन त्यस्तो विदेशी मुलुकको चालक अनुमतिपत्रको आधारमा चलाउन बाधा पर्ने छैन।

७५. स्वीकृति नलिई हेरफेर गर्न नहुनेः (१) सवारी धनीले सवारी साधन दर्ता गर्ने निकायको स्वीकृति नलिई सवारी साधनको रङ्ग, सिट सङ्ख्या, स्वरुप, इन्जिन, च्यासिस, इन्धन तथा ऊर्जा प्रणाली परिवर्तन हुने गरी सवारी साधनमा हेरफेर गर्न हुँदैन।

तर यस उपदफाले सवारी साधनमा सामान्य पार्टपुर्जा परिवर्तन गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पेट्रोल वा डिजेल इन्जिनवाट चल्ने सवारी साधनलाई बातावरणमैत्री तथा नवीकरणीय उर्जावाट चल्ने गरी परिवर्तन गर्न सकिने छ।

७६. कारखाना सञ्चालन गर्न अनुमति लिनुपर्नेः (१) कसैले सवारी साधनको पार्टपुर्जा उत्पादन वा पैठारी पश्चात जडान (एसेम्बल) गरी सवारी साधन उत्पादन गर्ने कारखाना वा उद्योग स्थापना गर्न वा ईन्जिनको परिवर्तन गर्न चाहेमा विभागबाट अनुमति लिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत अनुमतिपत्र नलिई सञ्चालन भएका उपदफा (१) बमोजिमका कारखाना वा उद्योगले यो ऐन प्रारम्भ भएका मितिले एक वर्षभित्र विभागबाट अनुमति लिनु पर्नेछ।

(३) यस दफा बमोजिम अनुमति नलिई उपदफा (१) बमोजिमका कारखाना वा उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा विभागको महानिर्देशकले एक लाख रुपैंया जरिबाना असुल गरी त्यस्तो उद्योगलाई नियमित गरिदिन सक्नेछ।

७७. प्रशिक्षण केन्द्र, वर्कसपको अनुमति तथा अनुगमनः (१) सवारी चालक प्रशिक्षण केन्द्र, प्रदुषण परीक्षण केन्द्र तथा वर्कसपको मापदण्ड मन्त्रालयले निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित मापदण्डका आधारमा प्रदेश कानून बमोजिम तोकेको निकायले सवारी चालक प्रशिक्षण केन्द्र तथा वर्कसपको अनुमतिपत्र प्रदान, नवीकरण तथा अनुगमन निरीक्षण गर्नेछ।

७८. कागजात साथमा राख्नु पर्नेः (१) कुनै सवारी चालकले त्यस्तो सवारी साधन चलाउदा चालक अनुमतिपत्र, सवारी साधनको दर्ताको प्रमाणपत्र, सार्वजनिक सवारीको हकमा बाटो इजाजतपत्र, जाँचपास प्रमाणपत्र र प्रदुषण प्रमाणपत्र तथा मालसामान ढुवानी गर्दा भार पर्चा (वजन सिट) समेत साथमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी चालकले साथमा राख्नु पर्ने कागजात नेपाल सरकार वा विभागको आधिकारिक पोर्टलमा राखिएको विद्युतीय प्रति देखाएमा सोलाई समेत कागजात साथैमा राखे सरह मान्यता दिईनेछ।

७९. प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा सञ्चालन गर्नु पर्नेः प्रत्येक सवारी धनीले यातायात सेवामा स्वस्थ प्रतिस्पर्धा कायम गर्नको लागि सार्वजनिक सवारीलाई प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा सञ्चालन गर्नु पर्नेछ।

८०. पुनर्ताजगी केन्द्र (रिफ्रेस्मेन्ट सेन्टर) सञ्चालन गर्न सकिनेः (१) मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही निजी क्षेत्रबाट मध्यम दुरीको बाटो र लामो दुरीको बाटोमा चल्ने सार्वजनिक सवारीका चालक, सहचालक अन्य श्रमिक तथा यात्रीहरूका लागि विश्राम, जलपान, भोजन तथा मनोरञ्जन एवम् सवारीको सामान्य मर्मत गर्ने समेतको सुविधा भएको पुनर्ताजगी केन्द्र (रिफ्रेस्मेन्ट सेन्टर) सञ्चालन गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने पुनर्ताजगी केन्द्र (रिफ्रेस्मेन्ट सेन्टर) को लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले प्रचलित कानून बमोजिम सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछन्।

८१. सवारी चालक र परिचालकको परिचयपत्र सम्बन्धी व्यवस्थाः (१) सेवा प्रदायकले चालक, परिचालक र सहचालकलाई परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको परिचयपत्र सवारी चालक, परिचालक र सहचालकले सवारी साधन चलाउदा सबैले देख्ने गरी लगाउनु पर्नेछ।

८२. निर्देशन दिन सक्नेः (१) मन्त्रालयले सार्वजनिक यातायात सेवा प्रभावकारी, सरल, सुरक्षित तथा सुलभ बनाउन यातायात सेवा प्रदायकलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित यातायात सेवा प्रदायकको कर्तव्य हुनेछ ।

८३. विशेष अधिकारः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी छुट दिन सक्नेछ।

८४. अधिकार प्रत्यायोजनः नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मन्त्रालयलाई, मन्त्रालयले यस ऐन बमोजिम प्राप्त अधिकार मध्ये केही अधिकार विभागलाई र विभागले यस ऐन बमोजिम प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार मातहतका निकाय, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८५. सहयोग गर्नु पर्ने : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी मापदण्डको कार्यान्वयन गर्ने सिलसिलामा यातायात सम्वद्ध निकायका अधिकारीले कुनै किसिमको सहयोग मागेमा निजलाई त्यस्तो सहयोग पुर्याउनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ।

८६. पालना गर्नु पर्नेः यस ऐन बमोजिम दर्ता गर्न वा चालक अनुमतिपत्र लिन नपर्ने कुनै सवारी साधन चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा ट्राफिक सङ्केतको पालना गर्नु पर्नेछ।

८७. <u>असल नियतले गरेको कामको बचाउ</u> : यातायातसँग सम्बन्धित पदाधिकारीले यस ऐन तथा प्रत्यायोजित अधिकार बमोजिम आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निज व्यक्तिगत रूपमा जावफदेही हुनु पर्ने छैन।

८८. <u>सवारी शिक्षा सञ्चालन गर्ने:</u> (१) सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी शिक्षा सम्बन्धी विषयलाई सम्बन्धित निकायले विद्यालयस्तरीय पाठ्यपुस्तकमा समावेश गर्नु पर्नेछ।

(२) मन्त्रालय, विभाग तथा यातायात सम्वद्ध निकायहरूले आवश्यकता अनुसार यातायात सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछन्।

८९. <u>दुर्घटना तथा राहत कोष:</u> (१) कुनै पनि सवारी साधनको दुर्घटना भई नजिकको हकदार फेला नपरेका गम्भीर घाइतेको उपचार गराउन वा क्षतिपुर्ति उपलब्ध गराउन वा सवारी धनी वा चालकवाट तोकिएको क्षतिपूर्ति भराउन नसक्ने अवस्था भएमा वा दुर्घटनाको क्षतिपूर्ति बीमा रकमले नपुग्ने भएको अवस्थामा क्षतिपुर्ति तथा राहत व्यवस्थापनका लागि दुर्घटना तथा राहत कोष स्थापना गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहवाट प्राप्त रकम,

(ख) कम्पनी, संस्था वा व्यवसायीवाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

९०. <u>अलपत्र परेका सवारी साधनको व्यवस्थापन:</u> (१) सडकमा अलपत्र रुपमा फेला परेका, सवारी दुर्घटनामा परी अलपत्र छोडिएका वा प्रहरीद्वारा चेकजाँचको क्रममा वा अन्य कुनै अवस्थामा फेला परेका तर सम्बन्धित सवारी धनी पत्ता लगाई निजलाई बुझाउन नसकिएका सवारी साधन फिर्ता लिनका लागि सम्बन्धित प्रहरी कार्यालयले फेला परेको सवारीको सम्बन्धमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा र विद्युतीय माध्यमबाट समेत सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सवारी धनी वा निजको अधिकृत वारेसनामा पाएको व्यक्ति उपस्थित भएमा निजलाई सम्बन्धित सवारी साधन भरपाई गराई बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र सवारी साधन बुझिलिन सम्बन्धित सवारी धनी वा निजको अधिकृत वारेस उपस्थित नभएमा त्यस्तो सवारी साधन प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमका सवारी साधन प्रहरी कार्यालयको कब्जामा आउनु अघिको अवधिको प्रचलित कानून बमोजिमको राजश्व वा कर तिर्न बुझाउँन बाँकी भएमा सम्बन्धित सवारी धनीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(५) उपदफा (३) बमोजिम लिलाम सकार गर्ने व्यक्तिको नाममा त्यस्तो सवारी साधन नामसारी गर्नको लागि सम्बन्धित प्रहरी कार्यालयले सम्बन्धित सवारी साधन दर्ता गर्ने कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम नामसारीको लागि लेखी आएमा सवारी साधन दर्ता गर्ने कार्यालयले जरिबाना बापतको रकम नलिई त्यस्तो सवारी साधन लिलाम सकार गर्ने व्यक्तिको नाममा नामसारी गरिदिनु पर्नेछ।

(७) अलपत्र रुपमा छाडिएका सवारी साधनको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

९१. ठूला सार्वजनिक सवारीलाई प्राथमिकता दिन सकिनेः मिश्रित ट्राफिक भएको सार्वजनिक सडकमा गुड्ने ठूला सार्वजनिक सवारीहरूले प्राथमिकता पाउनेछन्।

९२. अनुसूचीमा हेरफेर गर्न सक्नेः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

९३. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले देहायका विषयमा नियमहरू बनाउन सक्नेछ ।

(क) सवारी साधनको पहिचान सम्बन्धी,

(ख) अनुमतिको लागि दिईने निवेदनको ढाँचा, दस्तुर र शुल्क सम्बन्धी

(ग) प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादात्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) तथा सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र (रोड वर्दीनेश सर्टिफिकेट) लिन संलग्न गर्नु पर्ने कागजात र दस्तुर सम्बन्धी,

(घ) अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र जारी गर्ने सम्बन्धी,

(ङ) बाटो निर्धारण र इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तुर सम्बन्धी,

(च) सवारी प्रदुषण परीक्षण सम्बन्धी,

(छ) निजी क्षेत्रका सवारी जाँचपास तथा प्रदुषण परीक्षण केन्द्रलाई सवारी जाँचपास तथा सवारी प्रदूषणको परीक्षण दिने सम्बन्धी,

(ज) सार्वजनिक यातायात सेवा पञ्जीकरण सम्बन्धी,

(झ) ट्राफिक सङ्केत तथा सुरक्षा टोप (हेल्मेट) सम्बन्धी,

(ञ) सवारी साधनको रङ्ग, सिट सङ्ख्या, स्वरुप, इन्जिन, च्यासिस, इन्धन तथा ऊर्जा प्रणालीको हेरफेर सम्बन्धी,

(ट) सूचना प्रविधिमा आधारित सञ्जालीकृत यातायात सेवा सञ्चालन सम्बन्धी,

(ठ) कारखाना वा उद्योगको अनुमति, शुल्क सम्बन्धी,

(ड) दुर्घटना तथा राहत कोष सञ्चालन र व्यवस्थापन सम्बन्धी ।

९४. निर्देशिका तथा कार्यविधि बनाउने अधिकार : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही विभागले मन्त्रालयको सहमतिमा आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेछ।

९५. सवारी साधनको भौतिक तथा निर्माण प्रक्रिया सम्बन्धी मापदण्डः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा उत्पादन, जडान (एसेम्बल), निकासी र पैठारी हुने सवारी साधनको स्वरुप, इन्जिन, च्यासिस तथा बडी सम्बन्धी भौतिक तथा निर्माण प्रक्रिया सम्बन्धी मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड भित्र रही सवारी साधनको उत्पादन, जडान (एसेम्बल), निकासी र पैठारी गर्नु पर्नेछ।

९६. सवारी सम्बन्धी मापदण्डः (१) मन्त्रालयले सवारी साधनको सम्बन्धमा देहायका मापदण्ड निर्धारण गर्न सक्नेछ :-

(क) सवारी साधनको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारी साधनको वर्गिकरण लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) पेट्रोल, डिजेल वा अन्य इन्धनबाट चल्ने सवारीलाई विद्युतीय वा अन्य बैकल्पिक ऊर्जावाट चल्ने सवारीमा रुपान्तरण गर्ने सम्बन्धमा,

(घ) सञ्चालनमा रहेका सवारी साधनबाट हुन सक्ने ध्वनी, वायु लगायत अन्य प्रदूषणको सम्बन्धमा,

(ङ) यातायात सुरक्षा, सवारीको जाँचपास तथा परीक्षण सम्बन्धमा,

(च) सवारी साधन चलाउन सकिने अवधि (आयु) को सम्बन्धमा,

(छ) यात्रीबाट लिने भाडादर निर्धारण सम्बन्धमा,

(ज) सवारी साधनमा प्रयोग हुने इन्धनको सम्बन्धमा,

(झ) सवारी साधनमा प्रयोग हुने पार्टपुर्जा सम्बन्धमा,

(ञ) मन्त्रालयले आवश्यक ठानेका अन्य विषयका सम्बन्धमा ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको मापदण्ड प्रदेश, स्थानीय तह र सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

९७. खारेजी र बचाउ : (१) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### (क) सवारी साधनको आकार, वजन, पाङ्ग्रा, सिट क्षमताको आधारमा वर्गीकरण

(अ) दुई पाङ्ग्रे, तीन पाङ्ग्रे तथा हलुका चार पाङ्ग्रे सवारी साधन

| वर्ग | प्रकार | विशेषता |
|---|---|---|
| L1 | हलुका दुई पाङ्ग्रे सवारी | अधिकतम डिजाइन गति ५० किलोमिटर प्रतिघण्टा भन्दा बढी नभएको र थर्मिक इन्जिनको हकमा ५० cm3 सम्मको विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.२५ किलोवाट देखि ०.५ किलोवाटसम्म भएको सवारी । |
| $L_2$ | हलुका तीन पाङ्ग्रे सवारी | अधिकतम डिजाइन गति ५० किलोमिटर प्रतिघण्टा भन्दा बढी नभएको र थर्मिक इन्जिनको हकमा ५० cm3 सम्मको विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.२५ किलोवाट देखि ०.५ किलोवाटसम्म भएको सवारी । |
| $L_3$ | दुई पाङ्ग्रे सवारी | अधिकतम डिजाइन गति ५० किलोमिटर प्रतिघण्टा भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको सवारी । |
| $L_4$ | तीन पाङ्ग्रे सवारी (साइडकार सहितको मोटरसाइकल) | अधिकतम डिजाइन गति ५० किलोमिटर प्रतिघण्टा भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको तीन पाङ्ग्रा असममित (Asymmetrical wheel arrangement) रूपमा जडान (एसेम्बल) गरिएको सवारी । |
| $L_5$ | तीन पाङ्ग्रे सवारी (ट्राइसाइकल) | अधिकतम डिजाइन गति ५० किलोमिटर प्रतिघण्टा भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको तीन पाङ्ग्रा सममित (Symmetrical wheel arrangement) रूपमा जडान (एसेम्बल) गरिएको सवारी । |
| L6 | हलुका चार पाङ्ग्रे लघु सवारी (लाइट क्वाड्रीसाइकल) | खाली सवारीको तौल (Empty Mass) ३५० किलोग्रामसम्म भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक), अधिकतम डिजाइन गति ४५ किलोमिटर प्रतिघण्टासम्म भएको र सकारात्मक प्रज्वलन (Positive Ignition) इन्जिनको हकमा ५० $cm^3$ सम्म विस्थापन आयतन भएको वा अन्य इन्जिनको हकमा Maximum Net Power Output ४ किलोवाट सम्म भएको वा विद्युतीय इन्जिनको हकमा Maximum Continuous Rated Power ४ किलोवाट सम्म भएको सवारी। |

| | | |
|---|---|---|
| L7 | हलुका चार पाङ्ग्रे मध्यम सवारी (लाइट क्वाड्रीसाइकल) | L6 वर्गमा नपर्ने ४०० किलोग्राम (मालवाहकको हकमा ५५० किलोग्राम) सम्म खाली तौल भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक) र १५ किलोवाट सम्म Maximum Continuous Rated Power भएको इन्जिन जडित एवं विद्युतीय सवारी। |

(आ) कम्तीमा चार पाङ्ग्रा भएका सवारी साधन

| वर्ग | उपवर्ग | प्रकार | विशेषता |
|---|---|---|---|
| M | $M_1$ | साना यात्रीवाहक सवारी | चालक बाहेक अधिकतम ८ यात्रीका लागि सिट भएको । |
| | $M_2$ | मझौला यात्रीवाहक सवारी | चालक बाहेक ८ भन्दा बढी यात्रीका लागि सिट भएको र अधिकतम वजन ५ टनसम्म भएको । |
| | $M_3$ | ठूला यात्रीवाहक सवारी | चालक बाहेक ८ भन्दा बढी यात्रीका लागि सिट भएको र अधिकतम वजन ५ टन भन्दा बढी भएको । |
| N | $N_1$ | साना मालबाहक सवारी | अधिकतम वजन ३.५ टन सम्म भएको । |
| | $N_2$ | मझौला मालबाहक सवारी | अधिकतम वजन ३.५ टन भन्दा बढी तर १२ टनसम्म भएको । |
| | $N_3$ | ठूला मालबाहक सवारी | अधिकतम वजन १२ टन भन्दा बढी भएको। |
| O | O1 | ट्रेलर (सेमी ट्रेलर सहित) | अधिकतम वजन ०.७५ टन भन्दा बढी नभएका ट्रेलरहरू। |
| | O2 | | अधिकतम वजन ०.७५ टनभन्दा बढी भएका तर ३.५ टन भन्दा बढी नभएका ट्रेलरहरू। |
| | O3 | | अधिकतम वजन ३.५ टनभन्दा बढी भएका तर १० टन भन्दा बढी नभएका ट्रेलरहरू। |
| | O4 | | अधिकतम वजन १० टन भन्दा बढी भएका ट्रेलरहरू। |

## (ख) विशेष प्रयोजनका आधारमा सवारीको वर्गीकरण

| **वर्ग** | **प्रकार** | **विशेषता** |
|---|---|---|
| SA | मोटर क्याराभान | सिट,टेवल,स्लीपर खाना पकाउने सुबिधा भएको, आवासीय सुविधा भएको सवारी; यात्राको क्रममा बस्न, सुत्न र अन्य मनोरञ्जनका लागि प्रयोग हुने सवारी। |
| SB | (सुरक्षा सवारी) आर्मरड भेहिकल | हतियार सहित भएको, आर्मीले प्रयोग गर्ने, सुरक्षा उपकरण जस्तै बलियो धातुको शरीर, गोली र विस्फोटक प्रतिरोध क्षमता भएका सवारी। |
| SC | एम्बुलेस तथा सव-वाहन | बिरामी र शव ढुवानीका लागि विशेष डिजाइन, चिकित्सकीय उपकरणले सुसज्जित सवारी। |

| | | |
|---|---|---|
| AV | अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सवारी | Adapted Vehicle<br>फरक क्षमता भएका व्यक्तिहरूको सहज र सुरक्षित आवागमनका लागि विशेष रूपमा डिजाइन वा परिमार्जित गरिएका निजी सवारी। |
| T | कृषि उपयोगी सवारी साधन | कृषि कार्यहरूमा प्रयोग हुन विशेष रूपमा डिजाइन गरिएका सवारी। |
| I | निर्माणकार्य उपयोगी मेसिनरी /सवारी | विकास र भौतिक संरचना निर्माणमा प्रयोग गरिने विशेष सवारी। |
| E | मनोरञ्जन उपयोगी मेसिनरी/ सवारी | विशेष मनोरञ्जनात्मक गतिविधिहरूका लागि डिजाइन गरिएका सवारी। |
| G | अफरोड सवारी | उबड-खाबड भू-भागमा चल्न सक्ने, बलियो पाङ्ग्रा र सस्पेन्सन सहितको सवारी। |
| F | अग्नि नियन्त्रक सवारी | आगो निभाउन र नियन्त्रण गर्न विशेष रूपले डिजाइन गरिएको सवारी। |
| | अन्य बिशेष सवारी | |

*द्रष्टव्यः* विशेष प्रयोजनका आधारमा वर्गीकरण गरिएका माथि उल्लिखित सवारीहरू L, M, N वा O वर्गमा पर्ने सवारीहरू हुन सक्छन। जस्तैः प्रयोजनका आधारमा वर्गीकृत मोटर क्याराभान M1 मा पर्ने भएमा M1SA हुने गरी सङ्केत कायम हुनेछ।

**(ग) प्रयोजनका आधारमा सवारीको वर्गीकरण**

१. यात्रीवाहक सवारीः मानिसहरूको आवत जावत गर्ने उदेश्यले निर्मित सवारी साधन ।

२. मालवाहक सवारीः पशुपंक्षी तथा सामान ढुवानी गर्ने उदेश्यले निर्मित सवारी साधन।

**(घ) स्तरको आधारमा सार्वजनिक बसको वर्गीकरण**

१. साधारण

२. डिलक्स तथा सुविधायुक्त सवारी

३. सुपर डिलक्स सवारी

**(ङ) सुविधाको स्तरको आधारमा ट्याक्सीको वर्गीकरण**

१. साधारण ट्याक्सी

२. डिलक्स ट्याक्सी

३. लक्जरी ट्याक्सी

**(च) सवारीमा प्रयोग हुने इन्धनका आधारमा**

१. आन्तरिक दहन इन्जिन सवारी (Internal Combustion Engine Vehicles)

- पेट्रोल सवारी
- डिजल सवारी

२. विद्युतीय सवारी (इलेक्ट्रिक भेहिकल्स - EVs)

- ब्याट्री इलेक्ट्रिक सवारी (Battery Electric Vehicles- BEVs)
- प्लग-इन हाइब्रिड इलेक्ट्रिक सवारी (Plug In Hybrid Electric Vehicles-PHEVs)
- हाइब्रिड इलेक्ट्रिक सवारी (Hybrid Electric Vehicles-HEVs)

३. वैकल्पिक इन्धन सवारीहरू

- हाइड्रोजन फ्युल सेल सवारी (Hydrogen Fuel Cell Vehicles-HFCVs)
- संकुचित प्राकृतिक ग्यास सवारी (Compressed Natural Gas-CNG)
- लिक्विफाइड पेट्रोलियम ग्यास सवारी (Liquefied Natural Gas-LPG)
- एथानोल सवारीहरू (Ethanol)
- बायोडीजल सवारीहरू (Biodiesel)
- अन्य सवारी

## अनुसूची -२

(दफा ४ सँग सम्बन्धित)

**<u>इम्बोस्ड सवारी नम्बर प्लेट</u>**

<u>खण्ड (क)</u>

<u>सार्वजनिक सवारी</u>

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

<u>खण्ड (ख)</u>

<u>पर्यटक सवारी</u>

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि "पर्यटक सवारी" भन्नाले पर्यटकलाई यातायात सेवा प्रदान गर्न दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारी सम्झनु पर्छ ।

<u>खण्ड (ग)</u>

<u>निजी सवारी</u>

सेतो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

<u>खण्ड (घ)</u>

<u>सरकारी सवारी</u>

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

<u>खण्ड (ङ)</u>

<u>सङ्गठित संस्था वा संस्थानको सवारी</u>

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

<u>खण्ड (च)</u>

<u>कूटनीतिक सवारी</u>

सेतो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

<u>खण्ड (छ)</u>

खण्ड (क),(ख),(ग),(घ),(ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेटमा प्रदेशको नाम लेख्दा नम्बर प्लेटको माथिल्लो भागको केन्द्रमा रहने गरी निलो रङ्गमा लेख्नु पर्नेछ।

*<u>द्रष्टव्य :</u>*

१. राष्ट्रपति चढ्ने सवारी साधनमा प्रयोग हुने प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ्ग) बमोजिम गौरवमयी नेपाली झण्डा, झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्रडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षर मुनि लालीगुँरासको आकृति उल्लिखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्राममा सात अङ्क (डिजिट) को सिरियल नम्बर, प्लेटको दायाँपट्टि नेपाली झण्डा, सेक्युरिटि फिचर्स (श्याम्-श्र्वेत् अङ्ग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्-श्र्वेत् सानो आकारको निशाना छाप), प्लेटको पछाडि पट्टि उत्पादनकर्ताको

नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इन्पुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ्ग) संलग्न हुनु पर्नेछ ।

२. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख तथा उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष तथा उपाध्यक्ष र मन्त्रिपरिषद्का सदस्यहरू चढ्ने तथा प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, प्रदेशसभाका सभामुख, उप-सभामुख, प्रदेश मन्त्रिपरिषद्का सदस्यहरूका सरकारी सवारी साधनको इम्बोस्ड नम्बर प्लेट सेतो प्लेटमा रातो रङ्गको हुनु पर्नेछ ।

तर यस्ता सवारी साधनहरूलाई नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी विशेष चिन्ह, सङ्केत वा रङ्ग प्रयोग गर्ने गरी निर्णय गर्न सक्नेछ ।

३. खण्ड (क) देखि खण्ड (ङ) सम्मका साधनहरूमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ्ग) बमोजिम गौरवमयी नेपाली झण्डा, झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्र्याडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षरमुनि लालीगुँरासको आकृति उल्लिखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्रामको बीचमा सात अङ्क (डिजिट) को सिरियल नम्बर, सेक्यूरिटी फिचर्स (श्याम्-श्वेत् अङ्ग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्-श्वेत् सानो आकारको निशाना छाप), प्लेटको पछाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इन्पुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ्ग) संलग्न हुनु पर्नेछ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि पट्टि प्रयोग हुने नम्बर प्लेटको भने दायाँ पट्टि माथि कुनामा लेसर इन्ग्रेभ्ड सात अङ्क(डिजिट) को सिरियल नम्बर उल्लेख हुनु पर्नेछ।

४. खण्ड (च) मा उल्लिखित कूटनीतिक सवारी साधनमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटमा हुनु पर्ने अक्षर, अङ्क, सेक्यूरिटी फिचर्स लगायतका अन्य विवरणहरू विभागले तोके बमोजिम हुनेछ ।

५. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र साना (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको साइज देहाय बमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | नम्बर प्लेटको साईज (अगाडि) | नम्बर प्लेटको साईज (पछाडि) |
|---|---|---|---|
| १. | ठूलो सवारी | ५२०x११० मिलिमिटर | ३४०x२०० मिलिमिटर |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | ४३०x११० मिलिमिटर | २८०x१८० मिलिमिटर |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | २४०x१३० मिलिमिटर | २४०x१३० मिलिमिटर |

| | | | |
|---|---|---|---|
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | ३००x८० मिलिमिटर | २४०x१३० मिलिमिटर |

६. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने प्रदेशको नामका अक्षर बाहेकका अन्य अक्षर र अङ्कको उचाई, चौडाई र तिनीहरू बीचको दुरी मिलिमिटर (मि.मि.) मा देहाय बमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | अक्षरको उचाई र चौडाई (अगाडि) | अङ्कको उचाई र चौडाई (अगाडि) | अक्षरको उचाई र चौडाई (पछाडि) | अङ्कको उचाई र चौडाई (पछाडि) | अक्षर र अक्षर बीचको दुरी (अगाडि र पछाडि) | अङ्क र अङ्क बीचको दुरी (अगाडि र पछाडि) |
|---|---|---|---|---|---|---|---|
| १. | ठूलो सवारी | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | उचाई ६५ र चौडाई ४१.५ | उचाई ६५ र चौडाई ३९ | अगाडि ८ पछाडि ८.५ | अगाडि ८ पछाडि ८ |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | उचाई ५५ र चौडाई ३५ | उचाई ५५ र चौडाई ३२ | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | उचाई ३४ र चौडाई २२ | उचाई ३४ र चौडाई २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

७. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी र सानो (तीन पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको चारैतिर १५ मिलिमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ ।

तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको प्लेटमा १२ मिलिमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ।

८. बुदा नं. ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेटमा प्रदेशको नाम लेख्दा माथिल्लो बाहिरी घेराबाट ९ मिलिमिटर छाडेर लेख्नु पर्नेछ।

९. इम्बोस्ड सवारी नम्बर प्लेटको धातु न्यूनतम ९९% आल्मुनियम सब्सट्रेट, प्लेटको कडापना एच ४१ वा एच ४२, प्लेटको मोटाइ ०.९८± ०.०३ मिलिमिटर, सो प्लेटमा रेट्रोरिफ्लेक्टिभ शिट ल्यामिनेट एवं इएन ४८५ र इएन ५७३-३ बमोजिमको तथा अन्तर्राष्ट्रिय मापदण्ड आइएओ ७५९१:१९८२ बमोजिमको हुनु पर्नेछ।

१०. बिहानीको सूर्यको किरण परेको लालिम सगरमाथाको तस्वीर उल्लेखित रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरफआइडी) एन्टेना ८ देखि १० मिटरको दुरीबाटै रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरफआइडी) रिडरले रिड गर्न सक्ने १०५ मिलिमिटर लम्बाई, ७० मिलिमिटर चौडाई र पोलिस्टर फिल्म कम्तीमा ५० माइक्रोनको ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे ) सवारी साधनहरूको हकमा भने रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरफआइडी) सिट टयाग पछाडि पट्टिको नम्बर प्लेटमा जडान गर्नु पर्नेछ।

११. इम्बोस्ड भएको अक्षर र अङ्कमा हट स्टयाम्पिङ्ग, फ्वाइललाई हट स्टयाम्पिङ्ग गर्दा ४५ डिग्रीको कोणमा ढल्कने गरी NEPAL DOTM शब्दावली एरियल बोल्ड फन्टमा उल्लेख हुनु पर्नेछ।

१२. स्टिल (क्लास ४.८) को गोलो टाउको भएको अन-हार्डेन्ड, मेसिन वन वे स्क्रु एउटा सवारी साधनका लागि आठ वटा हुनु पर्नेछ।

१३. इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अङ्क नेपाल सरकारले निर्णय गरे बमोजिम देवनागरी लिपि वा अङ्ग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनु पर्नेछ।

१४. इम्बोस्ड सवारी नम्बर प्लेटमा प्रदेशको नाम उल्लेख गर्नु पर्नेछ।

<u>द्रष्टव्य :</u>

यस ऐन लागु हुनु अगाडि जडान गरिएका र सवारी साधनमा ईम्बोस्ड नम्बर जडान नगरिदाँसम्म साधारण नम्बर प्लेट समेतले मान्यता पाउनेछ।

**अनुसूची-३**

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**लाइसेन्सको वर्गीकरण**

| लाइसेन्सको वर्गीकरण | सवारीको प्रकार | सवारीको वर्ग | विवरण |
|---|---|---|---|
| A | दुई पाङ्ग्रे वा साइडकार भएको तीन पाङ्ग्रे सवारी | L1, L3 and L4 | धक्का दिने इन्जिन जडित साइडकार भएको वा नभएको कुनै पनि दुई पाङ्ग्रे सवारी |
| AM | दुई पाङ्ग्रे स्कुटर वा मोपेड | L1, L3 and L4 | धक्का दिने इन्जिन जडित साइडकार भएको वा नभएको गियर बिनाको दुई पाङ्ग्रे सवारी |
| A1 | दुई पाङ्ग्रे (हलुका) | L1, L3 and L4 | 125 $cm^3$ भन्दा कम क्षमता र ११ किलोवाट भन्दा कम पावर भएका दुई पाङ्ग्रे सवारी (लाइट मोटरसाइकलहरू) |
| A2 | दुई पाङ्ग्रे (ठूलो) | L1, L3 and L4 | साइडकार भएको या नभएको दुई पाङ्ग्रे सवारी जसको पावर ३५ किलोवाट भन्दा बढी नभएको (हेभी मोटरसाइकलहरू) |
| AV | अनुकुलित सवारी (दुई पाङ्ग्रे) | L1, L3 and L4 | फरक क्षमता भएका व्यक्तिहरूको विशेष आवश्यकताअनुसार सहज र सुरक्षित आवागमनका लागि विशेष रूपमा डिजाइन वा परिमार्जित गरिएका दुई पाङ्ग्रे निजी सवारी |
| AV1 | अनुकुलित सवारी (चार पाङ्ग्रे) | M1 | फरक क्षमता भएका व्यक्तिहरूको विशेष आवश्यकताअनुसार सहज र सुरक्षित आवागमनका लागि विशेष रूपमा डिजाइन वा परिमार्जित गरिएका चार पाङ्ग्रे निजी सवारी। |
| B | साना यात्रीवाहक र मालबाहक सवारी | M1, N1 | वर्ग A का बाहेकका मोटर सवारी, जसको अनुमति प्राप्त अधिकतम तौल ३,५०० किलोग्राम भन्दा बढी छैन र चालकको सिटको अतिरिक्त आठ सिट भन्दा बढी छैन; वा कोटी B का मोटर सवारी जसमा ट्रेलर जडित छ र जसको अनुमति प्राप्त अधिकतम तौल ७५० किलोग्राम भन्दा बढी छैन; वा कोटी B का मोटर सवारी जसमा ट्रेलर जडित छ र जसको अनुमति प्राप्त |

| | | | |
|---|---|---|---|
| | | | अधिकतम तौल ७५० किलोग्राम भन्दा बढी छ तर मोटर सवारीको खाली तौल भन्दा बढी छैन, जहाँ जडित सवारीहरूको संयुक्त अनुमति प्राप्त अधिकतम तौल ३,५०० किलोग्राम भन्दा बढी छैन। |
| B1 | मोटर ट्राइसाइकल र क्वाड्रीसाइकल | L2, L5, L6, L7 | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm३ भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको तीन पाङ्ग्रा सममित (symmetrical wheel arrangement) रूपमा जडान गरिएको सवारी ;<br>खाली सवारीको तौल (Empty Mass) ३५० किलोग्रामसम्म भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक), अधिकतम डिजाइन गति ४५ km/h सम्म भएको र सकारात्मक प्रज्वलन (Positive Ignition) इन्जिनको हकमा ५० cm३ सम्म विस्थापन आयतन भएको वा अन्य इन्जिनको हकमा Maximum Net Power Output ४ किलोवाट सम्म भएको वा विद्युतीय इन्जिनको हकमा Maximum Continuous Rated Power ४ किलोवाट सम्म भएको सवारी ;<br>L६ वर्गमा नपर्ने ४०० किलोग्राम (मालवाहकको हकमा ५५० किलोग्राम) सम्म खाली तौल भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक) र १५ किलोवाट सम्म Maximum Continuous Rated Power भएको इन्जिन जडित एवं विद्युतीय सवारी। |
| BE | साना यात्रीवाहक र मालबाहक सवारी (ठूलो ट्रेलर ) | M1, N1 | ट्रेलर जडित B वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी भएको र सवारीको खाली वजन भन्दा बढी भएको<br>वा<br>ट्रेलर जडित B वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी भएको र ट्रेलर तथा सवारीको संयुक्त अधिकतम वजन ३.५ टन भन्दा बढी भएको |
| C | मझौला तथा ठूला मालबाहक सवारी | N2,N3 | अधिकतम वजन ३.५ टन भन्दा बढी भएका वर्ग D बाहेकका सवारी<br>वा |

| | | | |
|---|---|---|---|
| | (हलुका ट्रेलर) | | ट्रेलर जडित सवारीको हकमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी नभएका C वर्गका सवारी |
| C1 | मझौला मालबाहक सवारी (साना) | N2 | अधिकतम वजन ३.५ टन भन्दा बढी भएका तर ७.५ टन भन्दा बढी नभएका वर्ग D बाहेकका सवारी<br>वा<br>ट्रेलर जडित सवारीको हकमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी नभएका C१ वर्गका सवारी |
| CE | मझौला तथा ठूला मालबाहक सवारी (ट्रेलर ठूलो) | N3 | ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी भएका ट्रेलर जडित C वर्गका सवारी |
| C1E | मझौला मालबाहक सवारी (ठूलो) | N2 | ट्रेलर जडित C१ वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी भएको तर सवारीको खाली तौल भन्दा बढी नभएको र सवारी र ट्रेलरको संयुक्त अधिकतम वजन १२ टन भन्दा बढी नभएको |
| D | मझौला तथा ठूला यात्रीवाहक सवारी (हलुका ट्रेलर) | M2, M3 | चालकको सिटको अतिरिक्त आठ सिट भन्दा बढी भएका यात्रीवाहक सवारी<br>वा<br>अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी नभएको ट्रेलर जडित D वर्गका सवारी |
| DE | मझौला तथा ठूला यात्रीवाहक सवारी (ट्रेलर ठूलो) | M2, M3 | ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी भएका ट्रेलर जडित D वर्गका सवारी |
| D1 | मझौला तथा ठूला यात्रीवाहक सवारी (९-१६ सिट सम्मको) | M2, M3 | चालकको सिटको अतिरिक्त ८ सिट भन्दा बढी भएका तर १६ सिट भन्दा बढी नभएका यात्रीवाहक सवारी<br>वा<br>ट्रेलर जडित सवारीको हकमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी नभएका D१ वर्गका सवारी |
| D1E | मझौला तथा ठूला यात्रीवाहक | M2, M3 | ट्रेलर जडित D१ वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० किलोग्राम भन्दा बढी भएको |

| | | | |
|---|---|---|---|
| | सवारी (९-१६ सिट सम्मको) (ट्रेलर ठूलो) | | तर सवारीको खाली तौल भन्दा बढी नभएको र सवारी र ट्रेलरको संयुक्त अधिकतम वजन १२ टन भन्दा बढी नभएका सवारी |
| F | अग्निनियन्त्रक सवारी | | आगो निभाउन र नियन्त्रण गर्न विशेष रूपले डिजाइन गरिएको सवारीलाई जनाउँछ, जसमा पानीको टयांकी र शमन उपकरणहरू समावेश हुन्छ। |
| I1 | निर्माण उपयोगी हुने सवारी साधन | | क्रेन |
| I2 | | | डोजर |
| I3 | | | रोड रोलर |
| I4 | | | लोडर |
| I5 | | | एक्सकाभेटर |
| I6 | | | ब्याकहो लोडर |
| I7 | | | ग्रेडर |
| I8 | | | फोर्कलिफ्ट |
| I9 | | | अन्य |

**अनुसूची-४**

(दफा १६को उपदफा (३) सँग सम्बन्धित)

**सवारी चालक अनुमति पत्रको ढाँचा**

**अगाडि**

नेपाल सरकार

Government of Nepal

.......प्रदेश

...........Province

**सवारी चालक अनुमतिपत्र**

Driving Licence

D.L No.:-
Name:-
Address:
License Office:-
Date of Birth A.D... .. B.S... ..
Mother/Father/Husband:-
Citizenship No.:-
Passport No.:-
Contact No.:-
Date of Issue: - Expiry Date:-
Blood Group:-
Category:-
Licence Type: - General... or (Professional....)
Issued By: - Signature of Holder

Photograph

**पछाडि**

Category Details of Driving licence

| | | | | | |
|---|---|---|---|---|---|
| A | दुई पाङ्ग्रे हलुका वा साइडकार भएको तीन पाङ्ग्रे सवारी | C | मझौला तथा ठूला मालबाहक सवारी (हलुका ट्रेलर) | I1 | क्रेन |
| AM | दुई पाङ्ग्रे स्कुटर वा मोपेड | C1 | मझौला मालबाहक सवारी (साना) | I2 | डोजर |
| A1 | दुई पाङ्ग्रे (हलुका) | CE | मझौला तथा ठूला मालबाहक सवारी (ट्रेलर ठूलो) | I3 | रोड रोलर |
| A2 | दुई पाङ्ग्रे (ठूलो), दुई पाङ्ग्रे सबै | D | मझौला मालबाहक सवारी (ठूलो) | I4 | लोडर |
| AV | अनुकुलित सवारी (दुई पाङ्ग्रे) | DE | मझौला तथा ठूला यात्रीवाहक सवारी (हलुका ट्रेलर) | I5 | एक्सकाभेटर |
| AV1 | अनुकुलित सवारी (चार पाङ्ग्रे) | D1 | मझौला तथा ठूला यात्रीवाहक सवारी (ट्रेलर ठूलो) | I6 | ब्याकहो लोडर |
| B | साना यात्रीवाहक र मालबाहक सवारी | D1E | मझौला तथा ठूला यात्रीवाहक सवारी (९-१६ सिट सम्मको) | I7 | ग्रेडर |
| B1 | मोटर ट्राइसाइकल र क्वाड्रीसाइकल | F | अग्निनियन्त्रक सवारी | I8 | फोर्कलिफ्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| BE | साना यात्रीवाहक र मालबाहक सवारी (ठूलो ट्रेलर ) | | | I9 | अन्य |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offience

**अनुसूची -५**

(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

**बाटो इजाजतपत्रको ढाँचा**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
.................. कार्यालय

**बाटो इजाजतपत्र नं: ................**

१ **सवारी साधनको विवरण:**

सवारी नम्बर :
च्यासिस नम्बर :
इन्जिन नम्बर :
मोडल :
सवारीको किसिम :

२ **सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको,-**

कम्पनी वा कारखानाको नाम:
ठेगाना :
अनुमतिपत्र नं. :
सवारीको किसिम :

३ **सवारी धनी वा व्यवस्थापकको**,-

नाम थर
ठेगाना :
दस्तखत :

४ **इजाजतपत्र दिने अधिकारीको,-**

नाम :
दर्जा :
दस्तखत :
मिति :

**नामसारी सम्बन्धी विवरण**

मिति ....................को निवेदन र मिति .................... को दर्ताको प्रमाणपत्रअनुसार श्री ....................को नामबाट...............बस्ने श्री .............को नाउँमा नामसारी गरिएको छ।

**नामसारी गर्ने अधिकृतको**,-
दस्तखत:
नाम थर:
पद :
मिति :

| इजाजतपत्र पाएको क्षेत्र (बाटो) | वहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

नोटः (१) सवारी सञ्चालन सम्बन्धी कुनै सर्त भएमा सो सर्त उल्लेख गर्नुपर्नेछ।

(२) एक भन्दा बढी पटक नामसारी भएमा सो विवरण यस ढाँचामा थप्दै जान सकिनेछ।